# शिखर नगरपालिका

## नगर सभा

# ११ औं अधिवेशन

प्रस्तुत

आ.व.०७९/०८० को

# नीति,कार्यक्रम तथा वजेट

आ.ब. २०७९।०८०

## शिखर नगरपालिका

तल्कोट, डोटी

मिति :- २०७९/०३/१०

## सम्बत २०७९ सालको नीति नं. ०१
## आर्थिक बर्ष २०७९/०८० को नीति कार्यक्रम तथा बजेट
## मिति :- २०७९/०३/१०

**शिखर नगरपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभाका सदस्यहरु,लगायत उपस्थित सम्पुर्ण महानुभावहरु सर्वप्रथम शिखर नगरपालिकाको नगर सभाको एघारौं अधिवेसनमा हार्दिक स्वागत गर्दछु ।**

**नगरसभाका अध्यक्ष एवं नगर प्रमुख ज्यू**
**वडा अध्यक्ष ज्यूहरु लगायत नगरसभाका सबै सदस्य ज्यूहरु**
**उपस्थित सम्पूर्ण भद्र महिला तथा सज्जनवृन्द !!!**

शिखर नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम, यस गरिमामय नगर सभा समक्ष प्रस्तुत गर्ने अनुमती चाहन्छु । सर्वप्रथम ईतिहासको कालखण्डमा देशको शासन व्यवस्था परिवर्तन एवं शान्ती स्थापनाको लागी आफ्नो ज्यान बलिदान गर्ने ज्ञात अज्ञात शहिदहरु प्रती श्रद्धासुमन व्यक्त गर्दै हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु । नेपालको भौगोलिक अखण्डता, राष्ट्रिय एकता स्वतन्त्रता र स्वाभिमानलाई अक्ष्युर्ण राख्दै देशको समानता तथा समुचित विकासका लागी विभिन्न धर्म, लिङ्ग, पेशा, जातजातिको जनसहभागिता एवं समान अवसर सहित मुलुकमा स्थापना भएको संघीयता पश्चात सम्पन्न स्थानीय तहको निर्वाचन पश्चात निर्वाचित भई यस सम्मानित सभा समक्ष नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा हर्षित भएको छु । यस नगरका नगरबासीको अगाध आस्था, माया र प्रेरणाबाट प्रेरित भई मैले शिखर नगरपालिकालाई सांस्कृतिक जीवन्त नगरका रुपमा अगाढी बढाई नेपाल भरिनै यस नगरको गौरवलाई उच्च राख्न केही महत्वपुर्ण नीति तथा कार्यक्रम नगरसभा समक्ष प्रस्तुत गर्न पाउँदा हर्षानुभुति गरेको छु ।

शिखर नगरपालिकाको आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवाद तर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडि परेका समुदायहरु समेतलाई मध्यनजर गर्दै नगरवासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ ।

सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले शिखर नगरपालिकाका कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भष्ट्राचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ । राष्ट्रको सांस्कृतिक धरोहर मानिने सम्पदा र संस्कृतिलाई सम्वर्धन एवं प्रवर्द्धन गर्ने नीति मार्फत नगरपालिकाका कार्यक्रमहरु निर्देशित हुनेछन् । नगरका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ । नगरको विकास निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघ संस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

नेपालको संविधान २०७२ जारी भई मिति २०७४।०३।१४ गते पहिलो पटक सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित नगर सभाले संवैधानिक ब्यवस्था अनुसार हालसम्म नगर सभाको दशौं अधिवेशन सम्पन्न गरिसकेको छ । आज हामी दोस्रो कार्यकालका लागी शिखरबासीहरुले विश्वास दिलाई हामिलाई यहाँ पुग्ने अवसर प्रदान गर्नुभएको छ यसका लागी शिखरबासीहरुलाई धन्यवाद ज्ञापन गर्दछौ र हामी नव निर्वाचित जनप्रतिनिधीहरुको पहिलो एवं यस शिखर नगरपालिकाको एघारौ अधिवेशनको अवस्थासम्म आईपुगेका छौं । सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई आफ्नो अमूल्य समय प्रदान गरि नगरसभाको गरिमा बढाई दिनु भएकोमा हार्दिक कृतज्ञता सहित धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

विगत दुई बर्षदेखी कोरोना भाईरस (कोभिड-१९) को माहामारी बाट विश्व आक्रान्त भएको जटिल परिस्थिति त्रमिक रुपमा नियन्त्रण भईराखेको यस अवस्थामा शिखर नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० को नीति

तथा कार्यक्रम यस गरिमामय नगरसभाको ११ औं अधिवेशन समक्ष प्रस्तुत गरि रहदा यस नगरपालिकामा कृयाशिल सबै राजनितिक दल सरकारी गैरसरकारी संघ संस्थाहरु र सबै नगरबासीको संयुक्त पहल कदमीले यस महामारीबाट उत्पन्न हुने संकटबाट पार पाईन्छ भन्ने विश्वास लिएको छु । कोभिड - १९ महामारीका कारण विश्वमा नै मानव जातिमाथि अत्यन्त अप्ठ्यारो परिस्थितीको सृजना भएको थियो र छ पनि । कल्पनाभन्दा बाहिरको यस महामारी विरुद्ध लड्न हाम्रा स्वास्थ्य सेवा सुविधा अपर्याप्त रहेको अवस्थामा विश्वमा लाखौ मानिसहरु प्रभावित भई संक्रमणबाट लाखौ मानिसहरुले ज्यान गुमाउनु परेको थियो र अझै पनी यो समस्या निरन्तर रहेको छ । यस महामारीबाट देश विदेशमा ज्यान गुमाउनु हुने सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्न चाहन्छु । साथै उपचारको क्रममा रहेका सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुको शिघ्र स्वस्थ्य लाभको कामना गर्दछु । कोभिड - १९ को रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको बन्दावन्दी तथा सामाजिक दुरीको पालना गर्नुहुने सम्पूर्ण नगरवासीहरुप्रति आभार ब्यक्त गर्दै यस कार्यमा अहोरात्र खटिनु भएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, ब्यवस्थापन कार्यमा संलग्न सबै राजनीतिक दल, निजी क्षेत्र, सामुदायिक संघ संस्थाहरु, संचार क्षेत्र, जनप्रतिनिधी ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु लगायत सम्पूर्ण नगरबासीहरुप्रति हार्दिक धन्यवाद ब्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान कार्यान्वयन भईरहेको अवस्थामा निर्वाचित जनप्रतिनिधिहरु मार्फत जनताले आफैलाई शासित गर्ने वातावरण निर्माण भएको सन्दर्भमा शिखर नगरपालिकालाई संघीयताको मर्म अनुसारका विकास प्रकृयालाई व्यवस्थित रूपमा संचालन गर्न नेपालको संविधान, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका कार्य आदेशहरू,स्थानिय सरकार संचालन ऐन २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, नेपाल सरकारको विकास सम्बन्धी कार्य लक्ष्य र मान्यताहरू, नेपाल सरकारको नीति तथा कार्यक्रम, शिखर नगरपालिकाको आ.ब. २०७८/२०७९ को नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्य, बिभिन्न व्यक्तिहरुबाट संकलित सुझावहरुलाई आत्मसाथ गरि आ.ब २०७९/०८० को नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**अध्यक्ष महोदय,**

बि.सं.२०७३ सालमा स्थापित शिखर नगरपालिका तत्कालीन कपल्लेकी, मुडेगाउं, मुडभरा, पचनाली, तिजाली, लाटामाण्डौं, जिजोडामाण्डौं, बनलेक एबं बारपाटा गा.बि.स.हरु मिलाएर बनाइएको नगरपालिका हो । यस नगरपालिकाको क्षेत्रफल २८५.३९ बर्ग कि.मी. र जनसंख्या ३८०८७ रहेको छ । प्राकृतिक र धार्मीक दृष्टिकोणले ज्यादै महत्व राख्ने महाभारत ग्रन्थमा बर्णित महाभारत पर्बतको लामो श्रृंखला शिखर नगरपालिकाको शिरताजको रुपमा रहेको छ भने यस नगरपालिकको तल्लोक्षेत्रमा सेती नदी माला आकारमा रहेको हुदां लेक देखि बेशी औल सम्मको हावापानी यस क्षेत्रमा पाइन्छ । यस क्षेत्रलाई प्राकृतिक स्रोत साधनको दृष्टिकोणले डोटीकै अग्रणी स्थानीय तहको रुपमा लिन सकिने प्रशस्त आधारहरु रहेका छन । पानीको प्रचुरता भएको यस नगरमा सिंचाई एबं बिजुली बत्तिको उत्पादनका लागि पनि प्रशस्त सम्भावना रहेका छन । हामीले प्राकृतिक स्रोत साधनको प्रयोगलाई राम्रो संग उपयोग गर्न सक्यौ भने यस नगरपालिकाको जीवनस्तरलाई निकै उचाइ दिन सकिने प्रशस्त आधारहरु रहेका छन, धार्मिक पर्यटकीय दृष्टिकोणबाट पनि यस नगरपालिकाले निकै रोजगारी सृजना गर्न सक्ने, महाभारत पर्बतमा ट्रेकिङ्ग सेतीमा र्‍याफ्टिङ्ग, सेतीका सहायक खोला गाडहरुबाट बिजुली, उच्च भेगमा स्याउ ओखर खेती, बीचको क्षेत्रमा सुन्तला, कागती, अमिलो अदुवा, दालचीनी खेती, तरकारी खेती र सेतीको तटीय क्षेत्र लगायतका क्षेत्रमा आंप, लिची, अनार खेती हाम्रा सम्बृद्धिका सम्भावना हुन ।

डोटी जिल्लामा शिखर नगरपालिका ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक तथा धार्मिक दृष्ट्रिकोणले महत्वपूर्ण रहेको क्षेत्र भएकोले विशेष पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ । पवित्र धार्मिक एवं प्राकृतिक सौन्दर्यले

भरिपूर्ण शिखर धार्मिक क्षेत्र, केदारेश्वर, सालमुनी एवं भागेश्वर लगायत शक्ति पिठहरु, सेती नदी एवं लामीताल, देउताल, खकरताल, चुरमुनी ताल लगायत महत्वपूर्ण ऐतिहासिक ताल तलैयाहरु जडीबुटी, वन पैदावर,कृषि, पशुपालन, नगदेबाली लगायत थुप्रै सम्भावनाका क्षेत्रहरू छन् । यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनैतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, पत्रकार तथा नागरिक समाज लगायत शिखर बासीको विकासप्रति रहेको चासो शिखरको समग्र विकासको लागि अवसरका रूपमा लिएको छु ।

उल्लेखित सम्भावना तथा अवसरहरूका बावजुत हाम्रा सामु थुप्रै चुनौतिहरू रहेका छन् कोभिड १९ का कारण भारत लगायत तेस्रो मुलुकबाट रोजगारी गुमाई घर बसेका यूवाहरुलाई उचित रोजगारी दिन सकिएको छैन । कोभिडकै कारणले बिग्रिएको शिक्षाको अवस्था सुधार हुन सकेको छैन, मानव विकास सुचाङ्क सन्तोषजनक देखिदैन । प्रतिव्यक्ति आय कमजोर अवस्थामा छ । कृषि, वन वातावरण तथा अन्य पूर्वधार र सशक्तिकरणका कार्यक्रमहरूमा विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रबाट वर्षेनी लाखौं लगानी भएतापनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातीय भेदभाव, छुवाछुत , महिला हिंसाका घट्नाहरूबाट पार पाउन सकिएको छैन । शान्ति सुरक्षाको अवस्था चुस्त दुरुस्त एवं प्रभावकारी वनाउन सकिएको छैन । दुर्गमता, निरक्षरता र अदक्षताले गाँजीरहेको छ । नगरपालिकाको आन्तरिक आय स्रोत अत्यन्तै न्युन हुनु, विकासको प्रतिफल लक्षित समुदाय सम्म पुऱ्याउन नसक्नु थप चुनौतिहरूका रूपमा रहेका छन् । नगरपालिका र वडाहरूले शून्य अवस्थाबाट काम शुरू गर्नुपर्दा धेरै कठिनाइहरू व्यहोर्नु परिरहेको छ । उल्लेखित चुनौतिहरूको बावजुत सबै सरोकारवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो विकास गरी यसका प्रतिफल लक्ष्यित समुदाय सम्म पुऱ्याउन हामीले सामुहिक प्रयास गर्नु निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु ।
सबै बर्ग, क्षेत्र, जातजाती, उमेर समूह, लिङ्ग, विपन्न वर्ग, असहाय, अपाङ्गता भएका ब्यक्तिहरुलाई विकासको मूल प्रवाहमा ल्याई समुन्नत नगर बनाउने चुनौतीको सामना गर्न हामी सबै प्रतिवद्ध भएर लाग्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

**अध्यक्ष महोदय,**

यस नगरपालिका नगर सभाको नवौं अधिवेशनबाट बिभिन्न ५ ओटा बिषयगत क्षेत्र पुर्बाधार विकास, सामाजिक विकास, आर्थिक विकास, वन तथा वातावरण, विपत ब्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा नीतिहरु पारित गरेका थियौं उक्त नीतिहरु कुनै बार्षिक रुपले पूरा गरिने र कूनै नीति आवधिक हिसाबले कार्यान्वयन गर्ने अवस्थामा हामी छौ, नीतिहरु हाम्रा मार्गदर्शन हुन र यस नगरसभाको एघारौं अधिवेशनले पनि केही नीतिहरुमा गतबर्षकै निरन्तरता र केही नयाँ किसिमका नीति तथा कार्यक्रम समेत ल्याउने प्रयास गरिएको छ । सबै नीतिलाई कार्यक्रम र बजेट संग मेल खाने किसीमले लैजानका लागि समेत म यस गौरवमय सभाका सदस्यहरुलाई आग्रह गर्न चाहन्छु ।
हामीले सहभागीतात्मक नगर विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी बस्ती तथा टोल र वडास्तर हुदै आएका योजनाहरुलाई केन्द्रीय सरकारको मार्ग दर्शन समेतलाई ध्यानमा राखी आ.ब. २०७९।०८० को नीति, कार्यक्रम र नगर विकास योजना तर्जुमा गरिएको प्रस्तुत बजेट नीति तथा कार्यक्रमले यस नगरपालिकाको विकास, उन्नति र प्रगतिकालागि आधार तयार गर्ने छ भन्ने कुरामा म विश्वस्त रहेको छु ।

## १.२. चालु आ.ब.२०७८।०७९ को नीति तथा कार्यक्रमको समीक्षा :

मिति २०७८ आषाढ १० गतेका दिन आयोजित शिखर नगरपालिका नगरसभाको नवौं अधिवेशनले चालु आ.ब.२०७८।०७९ को अनुमानित आय ब्यय बिवरण,योजना तथा कार्यक्रमहरु सहित नगर विकासका नीतिहरु पारित गरेको थियो, तत्पश्चात पौष २७ गते दशौं समीक्षात्मक अधिवेशन आयोजना भएको थियो । नवौं अधिवेशन पछिको एक बर्षको समयमा यस नगरपालिकाले के कति उपलब्धी हासील गर्नसक्यो समीक्षाको चरणमा हामी रहेका छौ यस नगरपालिकामा रहेका ११ वटा वडाहरुका करिब ३९ हजार नागरिकलाई विकास र सुशासन दिनु र विकासमा नागरिकको सहभागिता बृद्धि गर्नु हाम्रो जिम्मेवारी हो । बिगत पाँच बर्षमा यस नगरपालिकाले निम्नानुसारको रकम बिनियोजन गरी खर्च समेत भएको थियो ।

बिगत ५ बर्षको बिनियोजन कुल जम्मा रु. २ अर्व बहत्तर करोड चौरानब्बे लाख एकानब्बे हजार मात्र बिनियोजन गरी चालु आ.ब.को विनियोजन बाहेक गत बिगत आ.ब.हरुमा करिब ९० प्रतिशत खर्च पनि भएको थियो । उक्त खर्च बिनियोजन रकमले पक्कै पनि नगरबासीको सुबिधाको लागि यातायात शिक्षा, खानेपानी, कृषि, सिंचाई लगायतका भौतिक पूर्बाधार एबं सामाजिक बिकासका क्षेत्र महिला, दलित, जेष्ठ नागरिक, बालबालिका लगायत सबै नगरबासीको लागि सेवा सुबिधामा बृद्धि हुनसक्ने छ भन्ने हामीले ठानेका छौं । आ.ब. २०७६।०७७ र २०७७/०७८ चालु आ.ब. २०७८।०७९ लाई कोभिड १९ ले नकारात्मक प्रभाव पारेको बिषय जगजाहेर नै छ । विकास निर्माणका कामको उच्च चाप हुने समयमा बन्दाबन्दी ब्यहोर्नु परेको हुंदा यस नगरपालिकाका जनप्रतिनिधी र राष्टसेवक कर्मचारी पनि नराम्ररी प्रभावित भएका अवस्था रहेको थियो । यस अबस्थामा कोरोना नियन्त्रण तथा ब्यवस्थापनमा नै नगरपालिका केन्द्रित हुनु परेको र बन्दाबन्दीका लागि नेपाल सरकारले गरेको निर्णयलाई कार्यान्वयन गर्नु परेको अवस्थामा पनि स्वास्थ्य मापदण्ड अपनाई कार्यालयको नियमित कामलाई निरन्तरता दिने प्रयास भएको थियो । यो बिषयमा नगरपालिका कति सफल भएको छ जनताले मूल्यांकन गर्नेछन । क्षेत्रगत आधारमा गरिएको आ.ब.२०७८/०७९ को समीक्षालाई संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहन्छु ।

### क) आर्थिक विकास :

**पशु :**

- पालिकाका सम्पुर्ण वडाहरुमा पशु उपचार सेवा सञ्चालन भईरहेको, उन्नत जातका ३ वटा राँगो वितरण, २५ वटा गोठ/ खोर सुधार गरिएको, ३ वटा मासु पसल र १ वटा डेरी सञ्चालनमा ल्याईएको, हजार दिनका आमाहरुलाई पोषण कार्यक्रम अन्तरगत १३०० कुखुराका चल्ला वितरण भईरहेको ।

**कृषि :**

- पालिकामा ५ वटा कृषि पकेट क्षेत्र निर्माण गरेको (४ वटा फलफुल र १ तरकारी), सम्पुर्ण वडाहरुमा कृषकहरुलाई उन्नत खालका विउ विजन वितरण गरिएको, ७२ जना कृषकहरुलाई सिल्पाउलिन प्लाष्टिक वितरण गरिएको, कृषक समुहसंगको लागत साझेदारीमा नगरपालिकाका सम्पुर्ण वडाहरुमा आलुको विउ वितरण गरिएको, करिब १५ हजार बर्खे फलफुलका बोटहरु वितरण भईरहेको ।

### ख) सामाजिक बिकास

**महिला बालबालिका तथा जेष्ठ नागरिक**

- पालिकामा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरेको, अपाङ्ग परिचयपत्र डिजिटल प्रणालीमा ल्याइएको छ ।

- महिलासंग उपमेयर कार्यक्रम मार्फत नगरपालिकाभित्रका सम्पुर्ण वडाहरुमा घरेलु हिंसा सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिएको ।

**न्यायिक समिति**

- जम्मा आएको विवाद संख्या २ मध्ये दुवै विवादहरु समाधानका लागि माथिल्लो निकायमा पठाईएको ।
- ११ वटै वडामा मेलमिलाप केन्द्र स्थापना गरी ५५ जना मेलमिलापकर्ताहरुलाई परिचयपत्र, हातेपुस्तिका र झोला वितरण गर्नुका साथै पुनर्ताजगी तालिम दिईएको ।

**शिक्षा विकास**

- पालिकामा रहेका बिद्यालयहरु समायोजन गरिएको, स्थानीय पाठ्यक्रम निर्माण गरिएको, बार्षिक क्यालेन्डर प्रकाशन गरि बर्षभरीका शिक्षाका सम्पुर्ण गतिबिधीहरु समाबेश गरिएको , ईलाइब्रेरी निर्माण गरि समय समयमा अध्यावधि गर्ने गरेको, पालिकामा रहेको सबै बिद्यालयहरुमा IEMIS प्रणालीमा ल्याई शैक्षिक तथ्याङ्कहरु व्यवस्थित गरिएको, वडागत रुपमा रहेका ठुला बिद्यालयहरुलाई श्रोत बिद्यालयका रुपमा स्थापित गरि अन्य बिद्यालयहरुलाई सदस्य बिद्यालयका रुपमा सहजीकरण गरि ब्यवस्थित बनाईएको, अधिकांश बिद्यालयहरुमा इन्टरनेटको प्रयोग गरि कागजको न्युन प्रयोग गर्ने प्रणालीको अभ्यास गरिएको छ ।

## ग) पुर्वाधार बिकास

- तल्लो तिलताली, मल्लो तिलताली, मुतपोरा लिप्ट खानेपानी योजना निर्माणाधीन अवस्थामा रहेको, पालिकामा महिला भवन ८ वटा सम्पन्न भएको, पालिकाको सार्वजनिक ठाउमा  सार्वजनिक शौचालय ३ वटा सम्पन्न भएको,बिद्यालय शौचालय ४ वटा निर्माण गरिएको, नयाँ सकडमा ७.५ किलोमिटर काम सम्पन्न भएको ,सडक सरसफाई २०० किलोमिटर सम्पन्न भएको,सडक ,बाटो सुधार १२ वटा सडकहरुमा काम सम्पन्न गरिएको ५ वटा विद्यालय भवन निर्माणको काम सम्पन्न गरिएको र ४ वटा बिद्यालय भवन निर्माणको काम निर्माणाधीन अवस्थामा रहेको छ ।

## घ) वन वातावरण तथा विपद व्यवस्थापन

- यस शिखर नगरपालिकाको विपद प्रतिकार्य योजना तयार भईरहेको अवस्थामा छ ।
- शिखर नगरपालिकाभित्रमा रहेको वन क्षेत्रमा पाईने जडिबुटीहरुको पहिचान गरिएको ।
- विपद व्यवस्थापन ऐन राजपत्रमा प्रकाशित गरी लागू गरिएको ।

## ङ) सुशासन तथा सँस्थागत बिकास

- पालिकाका कर्मचारी तथा वडाका कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तालिम सञ्चालन गरेको ।
- पालिका तथा USAIDı/साझेदारी संस्थाको साझेदारीमा स्थानीय योजना तर्जुमाका प्रक्रियाका बारेमा नागरिकहरुलाई जानकारी दिन रेडियो कार्यक्रम सञ्चालन गरिएको ।
- पालिकाका बिभिन्न गतिबिधीहरु पालिका वेभ साइटमा अध्यावधिक गर्ने गरेको ।
- पालिकाले पालिकाको संस्थागत क्षमता स्वमुल्यांकन ( LISA ) मुल्याङ्कन कार्य सम्पन्न गरिएको र अघिल्लो बर्षको तुलनामा मुल्याङ्कन अङ्कमा सुधार भएको ।
- नगरपालिकाको कार्यालय र सम्पुर्ण वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिएको ।
- सुशासन प्रवर्द्धनका लागी सेवा प्रवाह सम्बन्धी नागरिक अभिमत सर्भेक्षण गरिएको ।

आदरणीय सभाध्यक्षज्यु, नगरसभाका सदस्यज्युहरु

नगरलाई सभ्य, आकर्षक, भ्रष्टाचार अनियमिता र ढिलासुस्ती रहित सुबिधा सम्पन्न बनाउन यस सभामा उपस्थित जनप्रतिनिधी लगायत राजनैतिक दल, उपभोक्ता समिति, नागरिक समाज, पत्रकार, महिला, दलित, अपाङ्ग, जनजाति बुद्धिजिबी, शिक्षक, समाजसेवी, कर्मचारी, नगर एंव जिल्लाबासी सबैको कर्तव्य हो । बिगतका राम्रा-नराम्रा कुराको समीक्षा गर्दै आगामी दिनमा कसरी राम्रो गर्न सकिन्छ भनी केही लक्ष्यित कार्यक्रम, नीति तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नुपर्ने आवश्यकताका कारण नगरसभाले केही लक्ष्यित कार्यक्रम तथा नीतिहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

## खण्ड दुई :

## आर्थिक बर्ष २०७९।०८० को नीति, कार्यक्रम तथा बजेट

२.१.१. दिर्घकालीन सोच :

"सेतीको शुसेली, कृषि पर्यटन र पूर्वाधार"
"शिखर नगर विकासको मूल आधार"

आगामी आ.ब. २०७९/०८० को नारा

"समृद्धि र सुशासन आजको आवश्यकता"
"समावेशी र दिगो विकास हाम्रो प्रतिबद्धता"

२.१.२. **लक्ष्य : प्राकृतिक साधन स्रोतको प्रभावकारी रुपमा उपयोग गरी समावेशी र दिगो बिकासका माध्यमबाट आर्थिक रुपले आत्मनिर्भर र समुन्नत बनाउनका लागि पुर्वाधार, पर्यटन, शिक्षा एवम् कृषिमा जोड दिई रोजगारीको सिर्जना गरी सुशासन प्रबर्द्धन मार्फत सम्बृद्ध नगर र खुशी नगरबासी बनाईने छ ।**

२.१.३. उद्देश्य :

- सुशासनलाई संस्थागत गर्दै नगरपालिकाले प्रवाह गर्ने सेवामा नागरिकको पहुँच अभिबृद्धि गरि सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शी बनाइनेछ ।
- गुणस्तरिय शिक्षा र भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराई पूर्ण साक्षर, स्वस्थ र सभ्य नगरको विकास गरिनेछ ।
- समावेशी र दिगो विकासका माध्यमबाट गुणस्तरिय, दिगो भौतिक पूर्वाधारको बिकास गरिनेछ ।
- बालमैत्री, महिला मैत्री, अपाङ्गमैत्री र समाबेशी नगरको बिकास गरिनेछ ।
- पुर्णसरसफाईयुक्त र वातावरणमैत्री नगरपालिका निर्माण गरिनेछ ।
- आधुनिक कृषि प्रणालीमा लगानी गरी रोजगारी सृजना गरिनेछ ।

२.१.४. **अपेक्षित उपलब्धी** : नगरका मुख्य बजार क्षेत्रहरु आकर्षक र सुविधायुक्त हुनेछन्, सबै ग्रामीण बस्तीहरुमा बिजुली, खानेपानी र सडक सुबिधा पुग्नेछ । बिद्यालय उमेर समूहका सबै बालबालिका बिद्यालयमा जानेछन्, धार्मिक पर्यटकीय क्षेत्रको संरक्षण भई आन्तरिक पर्यटनको विकास हुनेछ । कृषि प्रणालीमा सुधार भई रोजगारीका सम्भावनाहरु बढ्दै गरिबी घट्नेछ । नगरपालिका र वडाहरु बाट प्रदान गरिने सेवाहरु पारदर्शी, चुस्त र दुरुस्त भई सुशासन प्रवर्द्धन मार्फत समृद्ध नगर हुनेछ ।

## २.२ वजेट तर्जुमा गर्दा अवलम्वन गरिएका आधारहरुः

वार्षिक योजना कार्यक्रम तथा वजेट तजुर्मा गर्दा अवलम्वन गरिएका प्रमुख पद्धति तथा आधारहरु निम्नानुसार छन ।

- ✓ नेपालको संविधान २०७२ को अनुसूचि ८ र ९ मा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सूचिकृत एकल तथा साझा अधिकारहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु ।
- ✓ स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा नीति आयोग ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ।
- ✓ संघीय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु ।
- ✓ राजश्व परामर्श समिति,श्रोत अनुमान तथा वजेट सिमा निर्धारणसमिति,वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट प्राप्त राय सुझावहरु ।
- ✓ नेपाल सरकार एवं प्रादेशिक सरकारवाट प्राप्त वजेट सिलिङ्ग र वजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु ।
- ✓ वडा ,वस्ती स्तरिय योजना सङ्कलन तथा सुझावहरु ।
- ✓ विषयगत कार्यालय⁄ निकायवाट प्राप्त राय सुझावहरु ।
- ✓ यस शिखर नगरपालिकाको प्रथम आवधिक योजनाले निर्धारण लक्ष्य नीति तथा प्राथमिकताहरु ।
- ✓ विगत बर्षहरुमा सम्पन्न भएका नगरसभा अधिवेशनका बैठकहरुबाट भएका निर्णयहरु ।
- ✓ पन्धौ आवधिक योजना (२०७६।०७७ - २०८०।०८१) ले निर्धारण गरेको लक्ष्य तथा प्राथमिकताहरु ।
- ✓ विभिन्न राजनितिक दल लगायत बुद्धिजिवी, विज्ञ , नागरिक अगुवाहरुसँगको परामर्शवाट प्राप्त राय सुझावहरु ।
- ✓ दिगो विकासका लक्ष्यहरु

## २.३ क्षेत्रगत नीति एवं प्राथमिकताहरु

नव गठित नगरपालिकालाई प्राप्त भएका सबै सम्भावना र अवसरहरूलाई सम्पत्तिको रूपमा ग्रहण गर्दै संवैधानिक व्यवस्था अनुरुप सामाजिक सद्भाव, राष्ट्रिय एकता, सांस्कृतिक र धार्मिक सहिष्णुता एवं उदार मुल्यहरुको अभिवृद्धी गरिनुका अतिरिक्त वैज्ञानिक, मानवतावादी र आधुनिक चिन्तनलाई प्रश्रय दिदै प्राकृतिक श्रोत माथि स्थानीय जनताको अक्ष्युण अधिकारको पूर्ण रक्षागरी प्राकृतिक श्रोतमा स्थानीय समुदायको पहुँचको संवैधानिक प्रावधान कार्यान्वयनमा जोड दिईनेछ । यसैको जगमा टेकेर समृद्ध शिखर नगरपालिका निर्माण गर्ने प्रतिबद्धताका साथ अब म यस नगरपालिकाको आगामी वर्षको वार्षिक योजना तथा बजेटका मुख्य-मुख्य क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु ।

### क) आर्थिक बिकास सम्बन्धी नीति :

### अ) कृषि :

- COVID-19 को संक्रमणबाट प्रभावित स्वदेश एवं विदेशबाट रोजगारी गुमाएका युवाहरुको मागमा आधारित युवा लक्ष्यित कृषि तथा पशुपन्छी विकास कार्यक्रम मार्फत प्रत्येक वडामा ५/५ जना गरी ५५ जनालाई स्वरोजगार बनाउने कार्यलाई निरन्तरता दिईनेछ ।
- रसायनिक मल, कृषियन्त्र, कृषिजन्य सामाग्रीहरु र तरकारी तथा खाद्यान्न बालीका उन्नत बीउबिजन कृषकहरुलाई अनुदानमा वितरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

- उच्च मुल्यका बालीहरुको प्राविधिक सम्भाव्यताको आधारमा प्रति वडा २ (दुई) **साना व्यवसायिक कृषिउत्पादन केन्द्र** (**पकेट क्षेत्र**) स्थापना गरी कृषकहरुलाई आधुनिक तथा व्यवसायिक खेती तर्फ उत्प्रेरित गर्दै समुहिक खेती को माध्यमबाट युवाहरुलाई कृषिसंग जोडिनेछ ।
- कृषियोग्य भुमिको पूर्ण उपयोग सुनिश्चित गर्न नगरपालिकाभित्र रहेका कुनै पनि कृषि योग्य जमिन बाँझो राख्न दिईनेछैन । बाँझो जमिनमा खेती गर्न चाहने जो कोही कृषकहरुलाई **असल कृषि अभ्यास तथा जलवायु स्मार्ट** कृषि कार्यक्रम संचालन गरी अनुदान दिने व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाभित्र सेती नदीको आसपासका खेतीयोग्य उर्वर जमिनमा पर्याप्तता सिंचाई सुविधा सुनिश्चित गर्न संघीय सरकार, प्रदेश सरकार र अन्य निकायहरुसंगको सहकार्य तथा लागत साझेदारीमा लिप्ट सिंचाई कार्यक्रम संचालन गरीनेछ ।
- फलफुल विकास कार्यक्रमलाई प्रभावकारी ढंगबाट संचालनमा ल्याई अनिवार्य एक घर ५० फलफुल बिरुवा रोपण कार्यक्रमलाई निरन्तरता दिईनेछ, नगरपालिका भित्र रहेको **तेले पर्वत श्रृखलाको** आसपासमा टिमुर, तथा सुन्तलाजातका फलफुल र **डाक्टर के.आई.सिंह राजमार्गको** आसपासको क्षेत्रहरुमा वृहत केरा खेती रोपण अभियान संचालन गरिनेछ ।
- नगरपालिकाभित्र रहेका सिड बैंकको स्तरोन्नती गरी कृषकहरुलाई धान,मकै र गहुँको गुणस्तरिय उन्नत बीउ उत्पादन गर्न विशेष जोड दिईनेछ ।
- कृषि तथा पशुपन्छी बीमा र खेतीयोग्य जमिनको माटो परिक्षण कार्यलाई निरन्तरता दिईनेछ ।
- नमुना कृषि फर्म स्थापना कार्यक्रम सञ्चालन गरिनेछ र नगरमा उत्कृष्ट कृषि व्यवसाय गर्ने कृषकलाई पुरस्कृत गरिनेछ ।
- कृषि उपजहरुलाई सहजरुपमा बजार सम्म पुर्याउनका लागि कृषि उत्पादन क्षेत्रहरुसम्म जोडने सडक तथा अन्य पुर्वाधारहरुको विस्तार गरिने।
- एक वडा एक कृषि सहकारीका लागी पहल गरिनुका साथै नगरपालिकामा कृषि शित भण्डार (कोल्ड स्टोर) निर्माण गरिनेछ ।
- कृषकका समस्याको समाधान गर्न तथा गुनासोहरुको सुनुवाइ गर्न किसान कल सेन्टरको स्थापना गरिनेछ ।
- कृषक पेन्सन कार्यक्रमको सुरुवात गरिनेछ र कृषि हाट बजार निर्माणका लागी आवश्यक व्यवस्था मिलाइनेछ ।
- फलफुल विकास कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालनमा ल्याई प्रत्येक वडामा अनिवार्य १०/१० गोटा गरी जम्मा ११० गोटा आँप लिची केरा कागती तथा अन्य अमिला जातका फलफुलका नमुना बगैंचाहरु स्थापना गरिनेछ ।

### आ) पशु बिकास :

● वैदेशिक रोजगारीलाई कम गर्नुका साथै स्थानीय स्तरमा रोजगारी **सिर्जना** गर्न कृषि, पशुपालन र उद्योग व्यावसायहरुको स्थापना गरि व्यावसायिकरणमा विशेष प्राथमिकता सहित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

● कोभिड-१९ को संक्रमणको प्रभावबाट स्वदेश तथा विदेशबाट रोजगारी गुमाएका नागरिकहरुलाई लक्षित गरि कृषि तथा पशुपन्छी विकास कार्यक्रम मार्फत स्वरोजगारमा जोड दिईनेछ ।

●स्थानीय व्यक्तिहरुलाइ प्राविधिक सिप दिई (JTA), ती प्राविधिकहरु कृषकको गोठ तथा फर्ममा पुगी पशुपन्छी सम्बन्धि सेवा दिने व्यवस्था मिलाईनेछ ।

● दुध,मासु,अण्डामा आत्मनिर्भर हुन पशुपन्छी व्यवसायलाई प्रवर्द्धन गरिने नीति लिईने छ ।

● कृषि समुह ⁄ समिति तथा कृषि सहकारी मार्फत कृषि तथा पशुजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिवृद्धिमा जोड दिइनेछ ।

●पशुपन्छीमा हुने विभिन्न किसिमको जोखिम न्यूनिकरण गर्न पशुपन्छी विमा कार्यक्रमलाई प्रभावकारी बनाउन चेतनामूलक कार्यक्रम संचालन गरिने छ । पशुपन्छी विकास शाखा बाट संचालन हुने अनुदानका कार्यक्रममा विमा अनिवार्य गरिने नीति लिईने छ ।

● व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरिने छ ।

● साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकलाई  घाँस, गोठ, खोर निर्माणमा विशेष सहुलियत दिने व्यवस्था मिलाईनेछ ।

- पशुपन्छीहरुको उपचारका लागी पशुपन्छी उपचार केन्द्र विस्तार गरिनेछ भने थप प्राविधिक कर्मचारीको व्यवस्थापनका लागी बजेट विनियोजन गरिनेछ ।

## इ) सहकारी

- रोजगारी र उत्पादन बृद्धिका लागि **एक सहकारी एक बस्तु उत्पादन** कार्यलाई प्रोत्साहन दिईनेछ ।
- उत्पादन तथा रोजगारी सिर्जना गर्ने सहकारीहरुलाई प्रोत्साहन गरिनेछ ।
- नगरस्थित सहकारी संस्थाहरु अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धीकार्यक्रम  सञ्चालन गरिने छ ।
- सहकारीको माध्यमवाट स्थानीय स्रोतसाधन,श्रम, सीप र पूँजीको अधिकतम परिचालन  गरी आर्थिक, सामाजिक रुपान्तरण गरिनेछ ।
- नगरक्षेत्र भित्रका सहकारी संस्थाहरुको लगत अद्यावधिक गर्ने, क्षमता बिकास गर्ने, साझेदारीमा गरिबी न्युनीकरणका कार्यक्रम सञ्चालन गर्ने, प्रतिवेदन प्रणाली ब्यवस्थित गर्ने लगायत सँस्थाहरुको अनुगमन सुपरीबेक्षण गर्ने कार्य गरिनेछ  र सोका लागि आबश्यक कार्यक्रम एवम् बजेट ब्यबस्था गरिनेछ ।
- प्रत्येक घरमा कम्तीमा "**एक घर एक रोजगार**" सिर्जना गर्न **गाउँ-गाउँमा सहकारी घरघरमा रोजगारी** कार्यक्रम लागु गरिनेछ
- आन्तरिक श्रोत पहिचानको लागि नगरपालिकाका सम्भावित खनिज खानीहरुको अध्ययन गरी उत्खननका लागि पहल गरिनेछ ।
- सहकारी संचालनको लागि आवश्यक कानूनहरुको निर्माण कार्य गर्दै, संस्थाहरुको नियमन र व्यवस्थापन गर्नका साथै बैंक तथा सहकारीहरु संगको सहकार्यमा साना किसान सहकारी संघ सँग व्यवसायिक किसानहको वित्तीय सेवा प्रवाहमा पहँच बढाउन प्रयास गरिनेछ

- संवैधानिक व्यवस्था अनुसारस्थानीय स्वरोजगार बृद्धि र नगरपालिकाको आर्थिक विकासलाई अगाडी बढाउन **सरकारी,सहकारी र निजी गरी तिन खम्वे अर्थ नीति** कार्यान्वयन गदैं समृद्ध शिखर नगरपालिका निर्माणका लागि लगानी मैत्री नगरपालिका बनाउन पहल गरिनेछ ।
- स्थानीय उद्यमशिलता, शिप विकास र स्थानीय श्रोत साधनको उपयोगको माध्यमबाट स्थानीय अभिबृद्धिगरि स्थानीय आर्थिक विकासका लागि सहकारी संस्थाको दर्ता र नियमन गरिनेछ ।

### ई) पर्यटन

- पर्यटन क्षेत्रमा कोभिड-१९ ले पारेको प्रभावको अध्ययन गरि पुनः उत्थान लगायत दिगो पर्यटनका कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- शिखर नगरपालिकाभित्र पर्ने ऐतिहासिक, सांस्कृतिक,धार्मिक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिसोर्ट खोल्न नीजी- सार्वजनिक साझेदारीमा पर्यटकिय स्थलहरूको प्राकृतिक सौन्दर्यतामा खलल् पुऱ्याउन नदिने र स्वच्छता तथा सरसफाईमा विशेष ध्यान दिन आवश्यक पहल गर्ने नीति लिइनेछ ।
- धार्मिक तथा पर्यटकिय क्षेत्रको उजागर गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।
- सेती नदीमा साहसिक पर्यटन व्यवसाय प्रर्वद्धन गर्न र्‍याफ्टीङ्ग तथा जलयात्रा संचालन गर्नका लगि नीजि क्षेत्र सँग सहकार्य गरी अगाडी बढाईनेछ ।
- शिखर क्षेत्र, केदारेश्वर, गहनान एवं भागेश्वर देवल क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनेछ साथै यस क्षेत्रलाई राष्ट्रियस्तरको पर्यटकीय क्षेत्र घोषणा गराउन पहल गरिनेछ ।
- सेती नदि र तेले लेक क्षेत्र अन्तर्गत सेती नदिको गहनान, रामपुर, भागेश्वर र तेले लेकको वडा न. १,४,७ र ९ मा पिकनिक क्षेत्र निर्माण गरिनेछ ।

### उ) श्रम तथा रोजगार

- कोभिड १९ को कारणले हाल भारत लगायत अन्य देशबाट नगर क्षेत्रमा प्रबेश गरेका युवाहरुको तथ्यांक लिई उनीहरुको सीपको आधारमा नगर तथा वडा स्तरीय आयोजनाहरुमा श्रम सहभागिता गराई रोजगारी सिर्जना गरी उनीहरुलाई क्षमताको आधारमा काममा समाबेश गराई रोजगारतर्फ आकर्षित गरिने छ ।
- बेरोजगार युवाको वडा स्तरिय बेरोजगार बैक बनाई रोजगार सम्बन्धी सुचनाको पहुँच पुर्‌याउने र लोक सेवा लगायत अन्य व्यवसायीक सेवा प्रवेशका लागी तालिम तयारी कक्षा सञ्चालन गरिनेछ साथै नगरभित्रका युवायुवतिको सिप सवकास गरी क्षमतावान एवं सक्षम बनाईनेछ ।
- रोजगार सेवा केन्द्रलाई थप बिकसित गर्दै यस नगरमा रहेका श्रमिकहरुको सीप उपयोग हुने गरी उनीहरुको ब्यक्तिगत बिवरण रहेको श्रम सूचना बैंक स्थापना गरी रोजगारदाता र रोजगारीको खोजीमा रहेका बीच सम्पर्क स्थापित गरी यस नगर क्षेत्रमा हुने बिकास निर्माणका कार्यहरुमा सम्भव भए सम्म नगर क्षेत्रकै श्रमिकहरु प्रयोग गर्नका लागि निजी क्षेत्रसँग पनि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी वनाउन आवश्यक नीति बनाई कमजोर आर्थिक अवस्था भएका दलित, महिला र युवालाई प्राथमिकता दिई बजेटको सदुपयोग गरिनेछ।

**ऊ) उद्योग/वाणिज्य**

- लघु उद्यम विकास कार्यक्रम अन्तरगत साझा सुविधा केन्द्र स्थापना गरी विदेशमा आर्जन गरेको सिप पुजी र अनुभवलाई स्वदेशमा सदुपयोग गर्न आप्रवासीहरुको लागी विशेष प्याकेज सहित उधमशीलता विकास परियोजना सञ्चालन गर्ने।
- सिपमुलक तालिम जस्तै : ईलेक्ट्रिसियन, प्लम्बर,डेन्टिङ, पेन्टिङ, व्युटिसियन, डेरी प्रोडक्ट, सिकर्मी, डकर्मी र कृषि उत्पादन सम्बन्धी ज्ञानका लागी प्रत्येक वडाबाट ३/३ जना (१ पुरुष, १ महिला र १ दलित) छनोट गरी गुणस्तरिय तालिम प्रदान गर्न र स्वरोजगार युवालाई व्यवसायिक योजना अनुसार वित्तिय संस्थासंग नगरले पहल गर्ने र २ प्रतिशत सहुलियत व्याजदरमा ऋण प्रदान गरिनेछ।
- सुपथ मुल्यका लागी पसलका लागी प्रमुख स्थानीय बजारमा निजी पसलसंग सहकार्य गर्न नगरस्तरिय कार्यदल गठन गरि अध्ययन गरिनेछ र बजार मुल्यको एकरुपताका लागि आवश्यक पहल गरिनेछ।

**ख) सामाजीक बिकास नीति :**

**अ) शिक्षा**

- शिखर नगरभित्रका सम्पूर्ण विद्यालयहरुमा Green, Clean, Discipline र peace (GCDP) कार्यक्रम सञ्चालन गरिनेछ।
- हाल नगर क्षेत्र भित्र सञ्चालन भईरहका विद्यालय तथा अन्य शैक्षिक संस्थाको स्तर बृद्धि गर्न ***मेयर शैक्षिक सुधार कार्यक्रम*** अगाडी बढाइनेछ।
- बालबालिका विकास तथा विद्यालय समायोजन कार्यलाइ निरन्तर र प्रभावकारी रुपमा अगाडी बढाइनेछ। समायोजन गरिएका विद्यालय तथा बालबालिका विकासका लागि अनुदानको व्यवस्था गरिनेछ।
- नगरक्षेत्र भत्र सञ्चालित सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर उकास्न कुनै एउटा विद्यालयलाई आवासिय विद्यालयका रुपमा रुपान्तरित गरी *नगर आवासीय विद्यालय कार्यक्रम* सञ्चालन गरिनेछ।
- नगर क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान गरी शिक्षक व्यवस्थापन कार्य लाइ निरन्तरता दिइनेछ। र विद्यालय अनुपातका आधारमा शिक्षक दरबन्दी अति न्युन रहेको विद्यालयलाई नगरपालिकाबाट कम्तिमा एक जना शिक्षक व्यवस्थापन गरिनेछ।
- विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय शिक्षाबाट बञ्चित नहुन भन्ने उद्देश्यले सघन रुपमा भर्ना अभियान चलाइनेछ र विद्यालय भर्ना भै सकेका बालबालिकालाई पुरै समय विद्यालयमा टिकाउन "अभिभावक सचेतना तथा विपन्न विद्यार्थी सहुलियत कार्यक्रम" लाइ निरन्तरता दिइनेछ।
- नगरभरी विद्यार्थी पोशाकमा एकरुपता ल्याइनेछ। पोशाक खरिद गर्न आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई नगरपालिकाबाट सहयोग गरिनेछ।
- विद्यालय अनुगमन तथा सुपरीवेक्षण नियमित, व्यवस्थित र प्रभावकारी बनाइनेछ। र अनुगमनका आधारमा विद्यालयलाई विद्यालयको आवश्यकता पहिचान गरी *मेयर शैक्षिक सुधार कार्यक्रम* का लागि सिफारिस गरिनेछ।
- शिखर नगरपालिकालाई *शैक्षिक हबका रुपमा विकास गर्न* उत्कृष्ट सिकाई वातावरण भएको विद्यालय, उत्कृष्ट अनुशासित विद्यालय, उत्कृष्ट सरसफाई युक्त विद्यालय,उत्कृष्ट व्यवस्थापन भएको विद्यालय, उत्कृष्ट

अभिभावक सहभागिता भएको विद्यालय, उत्कृष्ट समुह कार्य भएको विद्यालय, उत्कृष्ट अतिरिक्त क्रियाकलाप संचालन गर्ने विद्यालय कार्यक्रमहरु संचालन गरी प्रोत्साहन गरिनेछ ।

- विद्यालयमा प्रत्येक महिनाको अन्तिम कार्य दिनमा अनिवार्य बैठक वसी सो महिनाको अवस्था विश्लेषण र आउने महिनाको योजनाको विषयमा छलफल गरी सो को अभिलेखीकरण गर्नुपर्ने नीति लिईनेछ ।
- नगरभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमध्ये आ.व. २०७९।०८० भित्र कुनै दुई विद्यालयलाई *नगर नमुना विद्यालय घोषणा* गरिनेछ र अन्तर पालिका विद्यालय भ्रमण कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा भौतिक संरचनाको सुरक्षा गर्न *सुरक्षित विद्यालयका लागि बलियो घेरबार कार्यक्रम*संचालन गरिनेछ ।
- यस नगरपालिकाको परिवेश अनुसारको स्थानीय पाठ्यक्रम निमार्ण कार्यलाइ निरन्तरता दिइनेछ । र विद्यालयलाई प्रविधिमैत्री बनाउन पहल गरिनेछ ।
- नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ तथा बाल क्लबहरुलाई सक्रिय बनाउन अभिुखीकरण कार्यक्रम संचालन गरिनेछ । आफ्नो कर्तव्यप्रति लगनशील र निष्ठावान पदाधिकारीहरुलाई प्रोत्साहन प्रदान गरिनेछ ।
- शैक्षिक गुणस्तर अभिबृद्धि गर्न प्र.अ., शिक्षक, विद्यालयका कर्मचारी र बालबिकास सहजकर्ताहरुका बैठक, तालिम, कार्यशाला र अभिमुखीकरण कार्यक्रममा बढावा दिईनेछ । नगरस्तरीय विषयगत प्रतिष्पर्धा सिर्जनाका लागि विषयगत समुहहरु निमार्ण गरी अनुभव आदानप्रदान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षण पेशाप्रति इमान्दार, कर्तव्यनिष्ट, लगनशील र उत्तरदायि भई कार्य सम्पादन गर्ने तहगत रुपमा (कक्षा १-३ , १-५ , १-८ र १- १२) बाट प्र अ, शिक्षक, विद्यालय कर्मचारी रबालविकास सहजकर्ता छनोट गरी प्रत्येक वर्ष *नगद पुरस्कार र प्रमाणपत्र सहित उत्कृष्ट शिखर नगर शिक्षक कार्यक्रम* संचालन गरिनेछ ।
- कक्षा ८ को नगरस्तरीय परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने सामुदायिक तथा संस्थागत विद्यालयका छात्रछात्रालाई सम्मानित गरिनेछ ।
- बालबालिकाको सर्वाङ्गिण विकासकालागि बालबालिका प्रतिभा पहिचान र विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नगरका शैक्षिक क्रियाकलापलाई व्यवस्थित बनाउन वार्षिक शैक्षिक योजना निर्माण र वार्षिक शैक्षिक क्यालेण्डर, शैक्षिक बुलेटिन र शिक्षा पार्श्वचित्र निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरभित्रका सामुदायिक सिकाई केन्द्रहरुलाई प्रभावकारी र व्यवस्थित बनाउन तथा बजेटको व्यवस्था गरी समाज रुपान्तरणमा सहयोग पुग्ने कार्यक्रम संचालन गरिनेछ । र साक्षर नगरपालिका घोषणा गरिनेछ ।
- स्रोत विद्यालयहरुलाई वजेटको व्यवस्था गरी अधिकार प्रत्यायोजित गरिनेछ र वडास्तरिय विद्यालयका क्रियाकलापहरुलाई व्यवस्थित र प्रतिष्पर्धात्मक बनाइने छ ।
- विद्यालयमा शिक्षक डायरीको अनिवार्य ब्यवस्था गरिनेछ । र सबै विद्यालय शिक्षक तथा कर्मचारीहरुको परिचयपत्रको व्यवस्था नगरपालिकाबाट गरी विद्यालयमा परिचयपत्र अनिवार्य गरिनेछ ।
- नगर भित्रका विद्यालयहरुका राम्रा प्रयासहरुको डकुमेन्ट्री तयार गरि प्रचार प्रसार गरिनेछ । विद्यालयस्तरिय र अन्तर विद्यालयस्तरिय अतिरिक्त क्रियाकलापलाई नियमित रुपमा सञ्चालन गरिनेछ ।
- *नगर प्रमुखसंग दलित विद्यार्थी प्रोत्साहन कार्यक्रम* संचालन गरी नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुबाट एसईईमा उच्चतम अंक ल्याउने २ जना दलित विद्यार्थीहरुलाई कक्षा ११ र १२ मा प्राविधिक विषय अध्ययन गर्न छात्रवृत्ति रकम प्रदान गरिनेछ ।
- *नगर उपप्रमुखसंग छात्रा प्रोत्साहन कार्यक्रम* संचालन गरी छात्राहरुलाई विद्यालयमा भर्नाका लागि प्रेरित गर्ने, उच्चशिक्षा हासिल गर्न र प्रभावकारी रुपमा अगाडि बढाउन एसईईमा सर्वोत्कृष्ट जिपिए ल्याउने

छात्राहरुमध्येबाट कक्षा ११ र १२ मा प्राविधिक शिक्षा अध्ययनका लागि सहयोग गर्न कुनै २ जना छात्रालाई छात्रवृत्ति प्रदान गरिनेछ ।

- शिखर नगरको शैक्षिक क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएका शिक्षाप्रेमी, समाजसेवी व्यक्तित्वहरु मध्येबाट प्रत्येक वर्ष ***शिखर शैक्षिक व्यक्तित्व सम्मान कार्यक्रम*** संचालन गरिनेछ ।
- नगरपालिकामा उपयुक्त सबैलाई पायक पर्ने एउटा विद्यालय छनोट गरी कक्षा ११ र १२ मा विज्ञान बिषय आई.एस.सी. कलेज एक बर्षभित्रमा स्थापनाका लागी आवश्यक पहल गरिनेछ ।
- स्थानीय धर्म, संस्कृति, भेषभुषा, रहनसहन र उत्पादनलाई जगेर्ना र संरक्षणका लागी विद्यालयस्तरमा पाठ्यक्रमले तोकेको ***स्थानीय बिषय*** लाई एक बर्षभित्रमा तयार गरी अर्को बर्षमा लागु गरिनेछ ।
- ५०० भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयलाई निश्चित मापदण्ड बनाई विभिन्न कार्यक्रमहरु लागु गरी उत्कृष्ट, गुणस्तरयुक्त शिक्षा, आधुनिक प्रविधिमैत्री विद्यालय, प्रविधियुक्त कक्षाकोठा र तालिमयुक्त शिक्षकमा जोड दिने कार्यक्रम लागु गरिनेछ ।
- बालविकास सहजकर्ताहरुको शैक्षिक योग्यता एकिन गरी नगर भरिका बालविकास सहजकर्ताहरुलाई कम्तिमा १५ दिने मन्टेश्वरी तालिम प्रदान गरिनुका साथै विद्यालय कर्मचारी र बालविकासका सहजकर्ताहरुको थप पारिश्रमिकलाई निरन्तरता दिईनेछ ।
- मा.वि. तह संचालित विद्यालयहरुमध्ये कुनै एक उत्कृष्ट विद्यालयलाई प्राविधिकधारतर्फ सञ्चालन गरिनेछ ।
- नक्साङ्कन, भौगोलिक दुरी, विद्यार्थी संख्याका आधारमा बालविकास केन्द्रहरुको समायोजन तथा विद्यालय तथा नयाँ बालविकास केन्द्रहरु थप गरिनुका साथै समायोजन गरिएका विद्यालय तथा बालविकास केन्द्रका लागी अनुदानको व्यवस्था गरिनेछ ।
- शिक्षा सम्बन्धी शिक्षकका माग र समस्या सम्बोधनका लागी छुट्टै कार्यदल बनाई समस्याको समाधान गर्ने र नगरभित्रका शिक्षकहरुको निश्चित अवधी पछि अनिवार्य सरुवाको प्रावधान लागु गरिनेछ ।
- एक शिक्षा आकश्मिक कोष एवं विद्यालय विपद व्यवस्थापन काषको स्थापना विपद न्युनिकरण समिति गठन गरि योजना तर्जुमा गरिनेछ ।
- प्रत्येक विद्यालयमा ईन्टरनेटको पहुँच विस्तार गरी कम कागजको प्रयोगमा जोड दिईनेछ ।
- प्रत्येक विद्यालयमा प्राथमिक उपचार बक्सको व्यवस्था गरिनेछ ।
- बालविकास कक्षाहरुलाई शैक्षिक सामाग्रीहरुले भरिपुर्ण बनाई बालविकास केन्द्रहरुलाई बाल स्याहार केन्द्रमा परिणत गरि शैक्षिक गुणस्तरको आधार निर्माण गरिनुका साथै समय समयमा अनुगमन गरी सो को आधारमा पुरस्कार र सजायको व्यवस्था अबलम्बन गरिनेछ ।
- श्रोत विद्यालयका प्रधानाध्यापकहरुलाई शैक्षिक भ्रमणको व्यवस्था गरिनेछ ।
- विद्यालयका पुराना संरचनाहरुको अध्ययन गरि प्रवलिकरण गरिनेछ ।
- आर्थिक अवस्था कमजोर भएका उच्च शिक्षा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिनेछ ।

### आ) युवा तथा खेलकूद नीति

- नगरभरिका युवा खेलाडीहरुको क्षमता पहिचान गरी खेलकुद क्षेत्रमा अग्रसर हुन तालिम तथा अन्य अवसरहरु प्रदान गरिनेछ ।
- राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै ***एक विद्यालय एक खेलमैदान कार्यक्रम*** अगाडी बढाइनेछ ।

- मेयर कप खेलकुद प्रतियोगितालाई नियमित संचालन गरी नगरपालिकास्तरिय भलिवल, फुटवल र विद्यालय स्तरीय खेदकुद संचालन गरिनेछ ।
- खेलकुद विकासका लागि एक वडा एक -फुटबल, क्रिकेट, व्याडमिन्टन आदी) खेलकुद मैदान निर्माणका लागि कार्यक्रम बनाईनेछ ।
- नगरपालिकामा कभर्डहल र नगर रंगशाला निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारसंग पहल गरिने छ ।
- पार्क, खुलाक्षेत्र तथा खेल मैदानको व्यवस्थापनको लागि सरकारी तथा सार्वजनिक जमिन प्रयोगमा ल्याइनेछ ।
- **एक वडा एक उद्यान** र टोल टोलमा बाल उद्यान निर्माण गरिनेछ नमुनाका लागी आगामी आर्थिक बर्षमा १/२ वडाबाट सुरुवात गरिनेछ ।
- युवा क्लब मार्फत प्रत्येक वर्ष एक वडामा एक क्रिकेट वा भलिबल वडा स्तरिय टुर्नामेन्ट संचालन गर्न प्रत्येक वडाबाट बार्षिक कम्तिमा १ लाख रकम छुट्याई कार्यविधी बनाई सञ्चालन गरिनेछ ।
- नगरस्तरमा भलिबलको गहनानमा र क्रिकेटको नगरमा खुला टुर्नामेन्टका लागी युवा क्लव मार्फत टुर्नामेन्ट संचालन गरिनेछ ।

**इ) स्वास्थ्य**

- कोभिड १९ पुष्टि भएका ब्यक्तिहरुको निःशुल्क औषधी उपचारको व्यवस्थालाई निरन्तरता दिईने छ साथै कोभिड १९ बाट ज्यान गुमाएका परिवारलाई राहतको ब्यवस्था मिलाउने नीति लिईएको छ ।
- कोभिड १९ ले सिर्जना गरेका विभिन्न क्षेत्रहरुलाई सम्बोधन गर्न यस नगरपालिकाले सक्दो प्रयास गर्नेछ । साथै नगरमा क्रियाशिल संघ संस्थाहरुलाई यस कार्यमा सहयोग गर्न अपिल गरिने छ ।
- संविधानमा मौलिक हकका रुपमा रहेको गुणस्तरिय स्वास्थ्य सेवा सवै नागरिकको सहज पहुचमा पुग्नेगरी प्रभावकारी रुपमा उपलव्ध गराउने एवं आधारभुत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलव्ध गराईनेछ र गुणस्तरिय तथा स्वास्थ्य बर्द्धक खाद्य पदार्थको प्रवर्द्धन र प्रयोग मार्फत कुपोषणलाई न्यूनिकरण गर्दै लैजाने र कुपोषण उपचार केन्द्रको सुदृढिकरण गर्दै यस नगरपालिकालाई पोषणयुक्त नगरपालिका बनाउने कार्य अगाडी बढाउन ***म स्वस्थ मेरो नगरपालिका स्वस्थ*** भन्ने अवधारणा कार्यान्वयन गर्दै लगिनेछ ।
- नगरपालिकाक्षेत्रभित्र जेष्ठ नागरिक एवं प्रत्येक वडावासीको पहुँच पुग्ने गरी विशेषज्ञ सेवा सहितको घुम्ती स्वास्थ्य शिविर संचालन थापना गरिनेछ र मधुमेह,उच्च रक्तचाप,मृगौला,क्यान्सर,मुटु रोग,आङखस्ने समस्या जस्ता रोगहरुको निशुल्क स्वास्थ्य परिक्षण शिविर सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सेवामा गुणस्तरियता कायम गर्न प्राविधिक जनशक्तिको क्षमता विकासका साथै स्वास्थ्य संस्थाहरुको स्तरोन्नतिका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने तथा स्वास्थ्य सेवालाई भरपर्दो र गुणस्तरिय बनाईनेछ।
- नगरपालिकामा निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको आधारभुत नगर अस्पताल निर्माणको कार्य छिटो सम्पन्न गरी शल्यक्रिया सहितको प्रसुती र पाठेघर सम्बन्धी उपचार, नसा तथा हाडजोर्नी सम्बन्धी सेवा र जनरल फिजिसियन सेवा संचालनमा ल्याईनेछ र अन्य सेवाहरु क्रमश थप्दै लगिनेछ ।
- नगरपालिकाका शहरी स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा बर्थिङ्ग सेन्टर स्थापना गरि पूर्ण सँस्थागत सुत्केरी हुने नगरपालिकाको रुपमा स्थापित गरिनेछ ।

- प्रत्येक बालवालिकाहरुले पूर्ण खोप पाउनु उनीहरुको नैसर्गिक अधिकार हो भन्दै जन्मेदेखि २३ महिनासम्मका बालवालिकाहरुलाई पूर्ण रुपमा गुणस्तरिय खोप सेवा संचालन गर्न खोपकेन्द्रहरुको भौतिक अवस्था क्रमिक रुपमा सुधार गर्दै लगिनेछ ।
- यस नगरक्षेत्रमा हुन सक्ने दैवी प्रकोप तथा महामारीको समयमै ब्यवस्थापन गर्नका लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गरि सोको ब्यवस्थापन गरिनेछ ।
- महिला स्वास्थ्य स्वमसेविकाहरुको मनोवल उच्च हुने खालका प्रोत्साहनमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सुनौलो हजार दिनका बालबालिकाको, सुत्केरी तथा गर्भबतीलाई लक्षित गरी स्वास्थ्य तथा पोषणका कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ साथै पोषणयुक्त वडा घोषणाको कार्यक्रमलाई अगाडि बढाइनेछ ।
- यस नगरभित्र स्वास्थ्य क्षेत्रमा भए गरेका कार्यहरुको चुस्त दुरुस्त अभिलेख राखि माथिल्लो निकायमा प्रतिवेदन पठाउने प्रणालीको विकास गर्न प्रत्येक स्वास्थ्य संस्थाका कर्मचारीहरुलाई क्षमता विकास गराई सो कार्यका लागी आवश्यक पर्न जाने सामग्रीको उपलब्धता गरी सेवा सञ्चालन गरिनेछ ।
- नगर क्षेत्रमा **स्वास्थ्य विमा कार्यक्रमलाई** बढि प्रभावकारी र आम जनतासम्म पु¥याई उक्त कार्यक्रमवाट अधिक लाभ लिनका लागि पहल गरिनेछ ।
- **"स्वस्थ शरिर स्वस्थ दिमाग"** भन्ने नारालाई ध्यानमा राखी २१ वर्ष मुनिका वालवालिकालाई धुम्रपान,मद्यपान तथा लागुपदार्थवाट टाढा राख्न प्रेरणादायी शैक्षिक कार्यक्रम संञ्चालन गरिनेछ ।
- अनियन्त्रित रुपमा विक्री वितरण भईरहेको मदिरालाई नियन्त्रण गरी निश्चित ठाउँमा मात्र विक्री वितरण केन्द्र तोकी व्यवस्थित गरिनेछ ।
- ६० बर्षमाथीका दिर्घ रोगीहरुलाई निशुल्क औषधी प्रदान गर्न यो बर्ष तथ्याङ्क संकलन गरिनेछ र जेष्ठ नागरिकहरुका लागि निःशुल्क स्वास्थ्य परीक्षणका साथै औषधी उपचार गर्ने र घर घरमा मेयर कार्यक्रमलाई सुदृढिकरण गर्दै निरन्तरता दिने नीति लिइनेछ ।
- संघ,प्रदेश र संघ संस्थाहरुसंग समन्वय गरि कोभिड १९ खोप नगरपालिकाका सबै नागरीकहरुलाई लगाउने नीति लिईनेछ ।
- गुणस्तरिय तथा स्वास्थ्यबर्द्धक खाद्य पदार्थको प्रवर्द्धन र प्रयोग मार्फत कुपोषणलाई न्युनीकरण गर्दै लगिनेछ साथै सवै बालबालिकाहरुको पूर्ण बृद्धि अनुगमन सहित तोकिएका सुचकाङ्कहरु पुरा गरी पोषणमैत्री वार्ड / स्वास्थ्य संस्था घोषणा गर्दै पोषणमैत्री नगरपालिका घोषणाको आधार तयार पारी पोषणमैत्री नगरपालिका बनाईनेछ ।
- प्रत्येक वडाहरुमा खोप केन्द्र स्थापना तथा सञ्चालन गरि सवै बालबालिकाहरुलाई खोपको दायरामा ल्याई पूर्णखोप सुनिश्चित नगरपालिका घोषणा गरिनेछ ।
- टोल टोलमा स्टेचरको व्यवस्था गरिनुका साथै आकस्मिक दुर्घटना, सडक दुर्घटना र प्रसुती महिलालाई नगरपालिकाको एम्बुलेन्सले नजिकको अस्पतालसम्म पुर्‍याउन निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।

### ई) खानेपानी तथा सरसफाई

- **एक घर एक धारा** निर्माण नीति अवलम्वन गरिनेछ ।
- स्वच्छ खानेपानीको दिगो व्यवस्थापनका लागि आयोजना निर्माणको क्रममा नै निश्चित रकम मर्मत सम्भार कोषमा राखी प्रत्येक उपभोक्ताले न्युनतम रकम मासिक रूपमा जम्मा गर्नुपर्ने नीति लिदैं खानेपानी आयोजनाहरू उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ ।

- **स्वच्छ पानी स्वस्थ्य जिन्दगानी** को अबधारणालाई संस्थागत गर्नका नगरपालिकाका सवै क्षेत्रमा स्वस्थ्य स्वच्छ पानीको व्यवस्थापन र पानी खानेपानी सरसफाईको क्षेत्रमा कार्य गर्ने दातृ संस्था एवम् गैर सरकारी संस्थासंग समन्वय बढाई नगरपालिकाबाट पनि उक्त कार्यको शुरुवात गरिनेछ ।
- खानेपानी मुहानको संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।
- **"चिटिक्क घर आँगन चिटिक्क नगर"** अवधारणालाई प्रोत्साहन गर्न जुठ्यान, फुल रोप्ने, गोठ सुधारका कार्यक्रमहरु लागु गर्दै कम्तिमा १ वडालाई नमुना वडाको रुपमा अगाडी बढाईनेछ ।
- **एक घर एक शौचालयको अवधारणालाई** कडाइका साथ पालना गराउँदै आफ्नो घर अगाडि आफैले सरसफाई गर्नुपर्ने अवधारणाका साथ ब्यवहार परिवर्तनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## उ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति :

**महिला ,बालबालिका तथा जेष्ठ नागरिक**

- नगरपालिकास्तर ,वडास्तर तथा समुदाय स्तरमा गठन गरिने विभिन्न संजाल,समुह तथा समितिहरुमा महिला ,दलित,अपाङ्गता भएका व्यत्तिहरु, यौनिक अल्पसंख्यक,सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको समानुपातिक र समावेशी सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चितता गरिनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशी नीतिको व्यवस्थित रुपले कार्यान्वयनमा ल्याईनेछ ।
- नगरपालिकाको लैससासको लेखाजोखा गरी त्यसबाट देखाएका समस्याहरुको समाधानको लागि लैससास मुलप्रवाहिकरण योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।
- लैससासको अवधारणामा समानता ल्याउन मानवीय संसाधनको व्यवस्था गरिनेछ ।
- लैङ्गिक हिंसा, मानव वेचविखन, वालविवाह, वहुविवाह तथा छाउपडीजस्ता कुप्रथा जस्ता सामाजिक विकृति तथा अपराधजन्य कार्यलाई न्यूनीकरण र निरूत्साहित गर्ने शुन्य सहनशीलताको नीति लिइनेछ ।
- लैगिंक हिंसा कोषको स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।
- नगरका किशोरीहरुका लागि आत्मसुरक्षा तालिमको ब्यवस्था गरिनेछ ।
- महिला तथा एकल महिलाहरुलाई आत्मनिर्भर बनाउन सिप विकास र उद्यमशीलता तालिमबाट आर्थिक विकास तथा स्वाबलम्बन गरिनेछ ।
- जेष्ठ नागरिकहरूको सम्मानपुर्ण र व्यवस्थित गाँस वास र कपासको व्यवस्था सुनिश्चितता गर्दै नगरपालिका क्षेत्रमा बृद्धवृद्धा आरोग्य केन्द स्थापना गर्ने नीति लिइनेछ ।
- असमानता ,भेदभाव ,परम्परागत मुल्यमान्यता तथा स्थानिय रुपमा अभ्यास भएका केहि हानिकारक व्यवहारहरु कसरी समतामूलक र न्यायोचित समानको लागि अवरोध हुन भन्ने सम्बन्धमा सुचनामुलक स्रोत सामाग्री प्रकाशित गर्ने र सो सम्बन्धमा तालिम , अन्तरकिया , छलफलजस्ता कार्यक्रमहरुको आयोजना निरन्तर रुपमा गरिनेछ ।
- नगरपालिकामा बसोबास गर्ने महिला ,दलित ,अपाङ्गता भएका व्यत्तिहरु , यौनिक अल्पसंख्यक , सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायका व्यत्तिहरुको खण्डिकृत तथ्याङ्क सङ्कलन गर्ने र नियमित रुपमा अध्यावधिक गरिनेछ ।
- लिङ्गमा आधारित हिंसा र भेदभावपूर्ण व्यवहार विरुद्धका हरेक कृयाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको अर्थपूर्ण सहभागिता पुऱ्याउन प्रत्येक माध्यमिक विद्यालयहरुमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

- छाउपडि प्रथाजन्य कुरितिबाट प्रभावित महिला तथा बालबालिकाहरुको स्वास्थ्य तथा पोषण सम्बन्धमा जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिका योजना तथा आयोजनाहरलाई लैङ्गिक उत्तरदायि बनाउनको लागि लैङ्गिक उत्तरदायि बजेट परीक्षण गरिनेछ ।
- हिंसा पिडित महिलाको तत्काल बसोवासको व्यवस्था मिलाउन प्रदेश सरकारसंग समन्वय गरि महिला सुरक्षा गृह स्थापना गरिने छ साथै महिला हिंसामा परेका चेलीहरुलाई परामर्श तथा परैवी सेवा प्रदान गर्न परामर्श तथा पैरवी केन्द्रको स्थापना गरिनेछ ।
- नगरमा प्रचलित कुप्रथा, कुरीति तथा गलत अभ्यास गर्ने कार्यको दुरत्साहनका लागि नीति, कानून तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- जातीय आधारमा हुने छुवाछुत, भेदभाव र विभेदहरूलाई न्युनीकरण गर्दै **विभेद मुक्त शिखर नगरपालिका** निर्माण गर्ने नीति लिइनेछ ।
- आर्थिक अवस्था कमजोर भएका महिलाहरुलाई स्वास्थ्य उपचारका लागी नगरपालिकाबाट सहुलियत प्रदान गरिनेछ ।
- गरिव, पिछडिएका वर्ग, द्वन्द्व पिडित, मुक्त हलिया, जेष्ठ नागरिक, अनाथ लगायत आदीबासी जनजाती, दलित र अपाङ्गता भएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लगिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ साथै असक्त बहुअपाङ्गता भएका व्यक्तिहरुको लागि विभिन्न सरकारी तथा गैर सरकारी निकाय तथा संस्थाहरूको सहयोगमा समुदायमा आधारित पुनस्थापना गृह निर्माणका लागि पहल गरिनेछ ।
- महिला संजाल, दलित नेटवर्क, युवा संजाल, बाल संजाल, बृद्ध बृद्धा सम्मा कार्यक्रमहरु पारदर्शि रुपमा प्रत्येक वडामा नियमित सञ्चालन गरिनेछ ।
- वास्तविक अपाङ्गताको तथ्यांङ्क (संख्या, सिप, क्षमता) संकलन गरीने छ र अपांगता परिचयपत्र बितरण कार्यबिधि २०७५ बमोजिम अपांगता भएका ब्यक्तिहरुलाई परिचयपत्र लगायतका स्थानीय सरकारले प्रदान गर्ने सेवा सुविधाहरु सरल तरिकाले उपलब्ध गराउन घुम्ती शिविर संचालनलाई थप प्रभावकारी र व्यवस्थीत गरिनेछ ।
- असहाय, अनाथ, विपन्न, अपाङ्गता भएका र अन्य समस्यामा रहेका बालबालिकाको तत्काल उद्धार, पुर्नस्थापना र सहयोग गर्नको लागी बाल उद्धार कोषको स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।
- बालबालिकाहरुको क्षमता अभिबृद्धिका साथै हकहित प्रबर्द्धन गर्न **बालबालिकासंग मेयर कार्यक्रम** सञ्चालनमा ल्याईनेछ ।
- समुदायमा रहेका एकदमै विपन्न र एकल महिलाहरुलाई सहायता प्रदान गर्न **एकल महिलाहरुसंग उपमेयर कार्यक्रम** सञ्चालनमा ल्याईनेछ ।

### ऊ) साँस्कृतिक प्रवर्द्धन

- यस क्षेत्रमा रहेका विभिन्न समुदायहरुले मनाउदै आएका गौरा, होरी, पुतला, भुवा, आदी चाड पर्व, धर्म संस्कृती लगायत मठ मन्दिर , सत्संग भवन  संरक्षण र संर्म्वधन मा जोड दिईनेछ ।
- धार्मिक,सास्कृतिक तथा ऐतिहासिक महत्व बोकेका स्थान तथा सम्पदाहरुको खोजी र मौलिकता लाई संरक्षण र प्रवर्द्धन गर्दै लगिनेछ ।

- स्थानीय भाषा, लिपी,साहित्य र कलालाई प्राथमीकताका साथ संरक्षण र सम्वर्द्धन गरिनेछ ।

## ग) पुर्वाधार बिकास सम्बधी नीति

- कोभिड १९ पश्चात रहने उच्च बेरोजगारीतालाई सम्बोधन र रोजगारी सृजना गराउन जनशक्तीको बर्गिकरण गरि आवश्यक सिप दिई दक्ष र अदक्ष जनशक्तीलाई भौतिक पूर्वाधार निर्माण कार्यमा प्रयोग गरिनेछ ।
- विकास निर्माणका कार्यहरुलाई दिगो समावेशी र परिणममुखी बनाउन शिखर नगरपालिकाको रणनीतिक विकास गुरुयोजना तयार गरिनेछ ।
- संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिका अन्तरगतका योजनाहरु एकद्धार प्रणाली सञ्चालन गर्ने गरी आपसी समन्वय गरी योजनाहरु नदोहोरिने गरी व्यवस्थापन गरिनेछ ।
- पहिलो बर्ष प्रत्येक टोल र वडामा मौजुदा योजनाहरुको समिक्षा गरी समस्याहरुको पहिचान गर्दै प्रभावकारी संयन्त्र मार्फत व्यवस्थापन गरिनेछ ।
- नगरका प्रमुख पूर्वाधार विकासका लागि आवश्यकता अनुरुप बजेट विनियोजन गरिनेछ । चालु आ.ब.का अधुरा, क्रमागत योजनाहरु, आयोजनाको निरन्तरता र नयाँ आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिईनेछ ।
- नेपाल सरकारद्धारा निर्धारण गरिएको मार्गदर्शन एवं राष्ट्रिय भवन निर्माण संहिता समेतका आधारमा निर्धारण गरिएको भवन निर्माण सम्वन्धि  मापदण्डलाई आधार मानी स्थानीय आवश्यकताका आधारमा समग्र सहरी विकास तथा भौतिक पूर्वाधार निर्माणलाई अगाडि वढाईनेछ ।
- **“आवश्यकता र प्रतिफल”** भन्ने नीतिका आधारमा सबै वडाहरुमा विकास निर्माण कार्यलाई अगाडी बढाईनेछ ।
- विभिन्न पूर्वाधार निर्माण योजनाहरुको नियमित संचालन गर्न मर्मत सम्भार, संचालन र व्यवस्थापनको लागि नगर मर्मत सम्भार कोष संचालन गरिनेछ र बास्तविक आवश्यकताको आधारमा योजनाहरुको मर्मत संचालन गरिनेछ ।
- आर्थिक निर्भरता र राजश्व संकलन नै भौतिक पूर्वाधार विकास निर्माणको आधार भएकोले आर्थिक आत्म निर्भरताको लागि राजश्व संकलन हुने योजनाहरुलाई प्राथमिकता दिईनेछ ।
- विगतमा निर्माण गरिएका योजनाहरुको दिगोपना र क्षमता अभिबृद्धि कार्यलाई मध्य नजर गरि उक्त योजनाहरुलाई स्वःसंचालित बनाउन आवश्यक पहल गरिनेछ ।
- नगरयोजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा फरफारक गर्दा Pre-project र post project photo को नीति अवलम्बन गरिनेछ ।
- नगरपालिका भित्र नक्सापाश नगरी बनाएका घरहरुको नक्सापासको प्रक्रिया अगाडि वढाई अभिलेखिकरण गरी नियमित गरिने छ । साथै नक्सापासको प्रकृयालाई अझै प्रभावकारी बनाई लागु गरिनेछ ।
- नगरपालिकाका प्रत्येक वडाहरुमा मञ्च सहितको मिनी सभागृह निर्माण गरिनेछ ।

## सिंचाइ

- सिंचाई र खानेपानीको आवश्यक परिपुर्ति गर्न र उक्त योजनाको दिर्घकालीन योजनाका लागि खानेपानी श्रोत व्यवस्थापन योजना सम्बन्धि अध्ययन गरि अगाडी बढाईनेछ ।
- सेतीनदीको वरिपरिको भागमा कृषि उपजहरु उत्पादनका लागि सिंचाइ सुविधा पुर्‍याउन लिफ्ट सिंचाइ योजना निर्माण गर्नका लागि सम्भाव्यता अध्ययन गरि लिफ्ट सिंचाई योजना निर्माणमा विषेश जोड दिईनेछ ।

## विद्युत/उर्जा

- विद्युत लाइन विस्तार नभएका वडा ,वस्ती तथा टोलहरुमा  विद्युतीकरणको लागि आवश्यक पहल गरिनेछ र विद्युत लाईन पुगेका स्थानमा गुणस्तरिय विद्युत सेवा सञ्चालन गराउन निरन्तरता दिइनेछ ।
- स्थानीय स्तरको बस्ती र घरेलु उद्योग संचालनको लागि नगरपालिका भित्रको खोलाहरुबाट साना जलविद्युत उत्पादन गर्नका लागि सम्भाव्यता अध्ययन गरि निर्माण कार्यलाई अगाडी बढाउन पहल गरिनेछ ।
- नगर क्षेत्रभित्र पर्ने सडकको बिभिन्न स्थानमा सडक सौर्य बत्ती वा विद्युत जडान गर्न पहल गरिनेछ ।
- नगरबासिहरुलाई विद्युत महशुल बुझाउन सहजताका लागी नगरस्तरमा विद्युत महशुल काउन्टर स्थापनाका लागि पहल गरिनेछ ।
- उज्यालो नगर, धुवाँ रहित नगर बनाउनका लागी वैकल्पिक उर्जासँगको समन्वयमा सुधारिएको चुलो सम्बन्धी तालिम दिईनेछ ।

## सवारी साधन

- संचालित नगर बसहरुलाई सहुलियत, सुबिधा सम्पन्न र व्यवस्थित तरिकाले संचालन गरिनेछ ।
- नगर बस सञ्चालनमा जेष्ठ नागरिकहरुलाई निशुल्क बस सेवालाई निरन्तरता दिईनेछ ।

## यातायात

- सबै प्रकारका सडकहरूको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरूको क्षेत्र निर्धारण हुनेगरी नगर यातायात गुरुयोजना (MTMP) लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- कफल्लेकी, मुडेगाँउ, मुडभेरा, तिजाली, लाटामाण्डौ, जिजोडामाण्डौ, बन्लेक हुदै डडेल्धुरा जिल्लाको सिमानासम्म सडक जोड्दै महाभारत लेक फेदी सडकलाई चक्रपथ (Ring Road) निर्माण गरिनेछ ।
- नगरबासीहरुलाई सहज, सुलभ, र सुरक्षित यात्रा गर्नका लागि नगरका मुख्य मुख्य ठाउहरुमा बस स्टेण्ड यात्रु प्रतिक्षालय क्रमशः निर्माण गर्ने नीति लिईनेछ ।
- नगरभित्रका घोरेटो बाटोलाई व्यवस्थित गरिने नीतिलाई निरन्तरता दिईनेछ ।
- यस नगरपालिकाका अधिकांश बस्तीहरुमा सडक संजालले जोडिईसकेकोले उक्त सडकहरुलाई स्तरोन्ती गर्नका लागि सिंगल कटिङ्ग रोडलाई डबल कटिङ्ग र डबल कटिङ्ग रोडलाई नाली सहितको ग्राभेल र ग्राभेल सडकलाई पक्की नाली सहित कालोपत्रे सडकमा स्तरोन्नती गरिनेछ ।
- शिखर नगरपालिका सडकहरुमा ट्राफिक सम्बन्धि जनचेतना जोगाउन आवश्यकता अनुसारका क्षेत्रमा डमी तथा पोस्टर राख्नका लागि व्यवस्था मिलाइनेछ ।
- नगरका प्रत्येक प्रमुख सडकहरुमा सरसफाई, मर्मत सम्भारका लागी कर्मचारीको व्यवस्थापन गरिनुका साथै ग्रामिण भेगमा चल्ने यातायातलाई भरपर्दो, सुरक्षित, सर्वसुलभ र उचित व्यवस्थापन गरिनेछ ।

### घ) वन वातावरण तथा विपत व्यवस्थापन सम्बन्धि नीति

### वन, वातावरण

- दिगो विकासका लक्ष्यहरुलाई आत्मसात गर्दै वन,वातावरण, जलवायु, पास्थितिक पद्धती, जैविक विविधताको संरक्षण गरि विकास निमार्ण कार्यलाई अवलम्वन गरिनेछ ।
- नगरभित्र रहेका सार्वजनिक जग्गाको लगत संकलन गरी संरक्षण गरिनेछ । त्यस्तासार्वजनिक जग्गाहरुमा वृक्षारोपण गरी Green City प्रवर्द्धन गर्न पहल गरिनेछ ।
- *एक टोल एक सय बोट* कार्यक्रम प्रत्येक बर्ष प्रभावकारी अनुगमन सहित *एक घर एक फलफुलबोट* का लागी फलफुलका बोट वितरण गरिनेछ ।
- वन स्रोतको संरक्षण, व्यवस्थापन तथा सदुपयोगबाट स्थानीय समुदायको सहभागीता अभिबृद्धि गर्दै वन पैदावरबाट प्राप्त राजस्वले नगरपालिकाको आर्थिक विकासमा योगदान पुऱ्याइनेछ ।
- नगरपालिकामा कम्तिमा एउटा नर्सरी स्थापना गरी वनविकास तथा सडक, नदी र सार्वजनिक जग्गाहरूमा सरोकारवाला निकायहरूको साझेदारीमा वृक्षारोपण गरिनेछ र निजी वनको अवधारणालाई प्रोत्साहन गरिनेछ ।
- तेलेलेक संरक्षण एवं सम्बर्द्धन गर्दै संकटापूर्ण अवस्थामा पुगेका जडीबुटी तथा वन, वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसावले महत्वपूर्ण क्षेत्र (**Biodiversity hot Spot)** को पहिचान तथा संरक्षण, जैविक विविधता लगायत शिखर क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न गुरुयोजना तयार गर्ने कार्य पहल गरिनेछ ।
- जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न बार्षिक योजना तर्जुमा गर्दा विकास योजनालाई वातावरण मैत्री बनाउँदै लैजाने तथा तेले लेकको संरक्षण गर्दै सरोकारवालहरूको ध्यानाकर्षण गराइने छ । **रेड प्लस कार्वन सञ्चितबाट** यो नगरपालिकाले अनुदान प्राप्त गर्ने सम्भावना भएकाले वन क्षेत्रको व्यवस्थापन तथा विस्तार गरी आगामी ५ वर्ष भित्र नगरपालिकालाई घरभित्रको धुवाँ रहितक्षेत्रको रूपमा विकास गर्ने अभियानलाई विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको सहयोगमा तिव्रता दिईनेछ ।
- खाना पकाउन दाउराको खपत कम गर्न विद्युतिय चुलो, गोबरग्याँस, ग्याँस चुलो बारे जनचेतनामुलक कार्यक्रम गरी खरिदमा ५० प्रतिशत अनुदान दिईनेछ ।
- नगपालिकाका सबै वडाहरुमा रहेका सामुदायिक वनहरुलाई संरण गर्नका लागि सामुदायिक वन उपभोक्ता समिति गठन गरि क्षमता बिकास गरिनेछ ।
- वातावरणिय सन्तुलन कायम राख्न वन क्षेत्रभित्र रहेका जल, थल र उभयचर प्राणी आदिको संरक्षण अभियान थालिनेछ र सेती नदिमा अबैध माछा संकलन रोकिनेछ ।
- तेले लेकलाई राष्ट्रिय निकुञ्ज स्थापनाका लागी पहल गरिनेछ ।

### अ) विपद व्यवस्थापन

- आकस्मिक रुपमा आई पर्ने माहामारी तथा बिपत जन्य बिभिन्न रोग ब्यादि,बाढि पहिरो र हावाहुरीलाई आकस्मिकरुपमा ब्यवस्थापन गर्न प्रत्येक वडामा विपद व्यवस्थापन कोषको स्थापना गरी ब्यवस्थापन र परिचालन गर्नुका साथै प्रत्येक बर्ष उक्त कोषमा प्रत्येक बर्ष ५० हजार देखी १ लाख सम्मको रकम थपिनेछ ।
- शिखर नगरपीलका पुर्वाधार बिकास प्रक्रियामा विपत जोखिम न्युनिकरणका अवधारणलाई अवलम्बन गरिने छ ।

- स्थानीय विपद जोखिम न्यनीकरण रणनितिक कार्ययोजना तथा विपद पुर्वतयारी तथा प्रचिकार्य यॊजना तयार गरि जोखिमलाई न्यूनिकरण गर्दै लगिने छ । साथैस्थानीय विपद तथा जलवायु उत्थानशील योजना (LDCRMP) तर्जुमा गरि कार्यान्वनमा ल्याउनेछ । यस्ता योजना तयारी तथा कार्यान्वयन गर्न विकास साझेदार सस्थाहरु संग सहकार्य गरिनेछ ।
- सेती नदीमा तटवन्धनका लागि गुरुयोजना बनाई लागु गरिनेछ ।
- प्राकृतिक प्रकोप न्युनीकरण गर्न र प्राकृतिक प्रकोपबाट पिडितहरूलाई व्यवस्थापन गर्नका लागि शिखर नगरपालिकामा प्रकोप व्यवस्थापन कोषको स्थापना गरिने छ । उक्त कोषमा रहेको रकम प्रकोप व्यवस्थापन विशेष कोष विनियमावली तयार गरी सोही अनुसार खर्च गरिनेछ ।
- भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्ट्रिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई व्यवस्थापन योजना तर्जुमा गरी कार्यन्वयनमा जोड दिइनेछ ।

आ) **फोहोर मैला** व्यवस्थापन

- फोहोर मैला व्यवस्थापनका लागि पालिकामा बिभिन्न जनचेतनाका कार्यक्रम गर्न अगाडी बढाउन पहल गरिनेछ ।
- शिखर नगरपालिकालाई स्वच्छ नगरपालिकाको रूपमा स्थापित गर्न जसले फोहोर गरेको हो, उसैले सफाई गर्नुपर्छ भन्ने खालका जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- कुहिने फोहोरलाई प्रयोग गरी गमला तरकारी खेतीगर्ने अभियानलाई प्रोत्साहन गरिने छ । हरियाली वगैंचा निर्माण गर्नेलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- बजार क्षेत्र र सार्वजनिक स्थलमा क्रमश: सार्वजनिक शौचालय निर्माण गर्दै लगिने र मर्मत सम्भार तथा संञ्चालनको उचित व्यवस्था मिलाईनेछ ।

## ङ) सुशासन तथा संस्थागत बिकास सम्बन्धी नीति

### अ) संस्थागत सुशासन

- नगर पालिकामा E- governance प्रणालीको विकास गर्नआवश्यक पुर्वाधार निमार्ण एंव सो को प्रभावकारी कार्यान्वय गर्ने नीति लिइनेछ ।
- पालिकामा हेल्प डेस्क ब्यवस्थापन र गुनासो पेटिकामा आएका सुझाव तथा गुनासोहरुलाई समयमै फर्छ्यौट गर्न गुसो संयन्त्र गठन गरिनेछ ।
- नगरपालिकाको वेवसाईटमा नगरपालिकाका गतिविधी तथा सूचनाहरु नियमितरुपमा सार्वजनिक गरी नागरिकको सूचनामा पहुँच पुर्‍याईनेछ साथै नगरपालिकावाट प्रदान गदै आएका सेवा सुविधाहरुमा यान्त्रिकिकरण गरी कम्प्युटरको माध्यमवाट प्रदान गरिनेछ ।
- भौतिक पूर्वाधार योजनाको पारदर्शिता गुणस्तरियता प्रभावकारिता सरलताका साथ कार्यान्वयन गर्न तथा समयमै आवश्यक सुधार गर्न योजनाहरुको आर्थिक तथा भौतिक विवरणहरु प्रष्ट देखिने र समयमा आवश्यक सुझाव सल्लाह दिन मिल्ने गरि योजनाहरुलाई डिजिटाईज मोडेल (Digitize Model)लगि योजना अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

- निर्वाचितजनप्रतिनिधी र कर्मचारीहरुकालागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठीलाई प्राथमिकता दिई कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन विधि प्रभावकारी र वैज्ञानिक वनाई प्रोत्साहन तथा दण्डात्मक पद्धतिका आधारमा कर्मचारीलाई सेवामुखी तथा जवाफदेही बनाईनेछ ।
- वडाहरुमा बजेट विनियोजन गर्दा वैज्ञानिक मापदण्डका आधारमा भुगोल, जनसंख्या, लागत र पछाडिपरेका समुदायको वसोवास, राजस्व उठाउने क्षमता आदीलाई आधार बनाई बजेट बिनियोजन गरिनेछ ।
- नगरपालिका अर्न्तरगत रहेका कर्मचारीहरुको कर्मचारी कल्याणकोष परिचालन कार्यविधि वनाई कार्यान्वयनमा ल्याईनु का साथै **मानव शंसाधन विकास कोष, विपद व्यवस्थापन कोष, महिला वालवालिका संरक्षरण कोष, वातावरण संरक्षण कोष** लगायत विशेष कोषहरु स्थापना गरी कार्यविधि वनाई क्रमशः कार्यान्वयन गर्नका लागि पहल गरिनेछ ।
- जेष्ठ नागरिक, दलित, विधवा महिला, एकल महिला, दलित वालवालिका, पूर्णअशक्त अपाङ्ग, आशिंक अशक्त अपाङ्ग र आदिवासी जनजातीलाई प्रदान गरिदै आईरहेको सामाजिक सुरक्षा भता वितरण कार्य क्रमशः वैकिङ प्रणाली मार्फत गरिनेछ र व्यक्तिगत घटना दर्ता कार्य Online System लाई थप व्यवस्थित गरिनेछ ।
- सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशासनको अनुभूती दिलाउन नगरपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको सार्वजनिक सुनुवाईलाइ निरन्तरता दिइने छ साथ साथै योजना सूचना पाटीलाई व्यवस्थित गदै कामका आधारमा रकम भुक्तानी गरिने नीति लिइनेछ ।
- नगरपालिकावाट संञ्चालित आयोजना तथा कार्यक्रमलाई छिटो छरितो एवं प्रभावकारी रुपमा संञ्चालन गर्नका लागि प्रत्येक आ.व.को वैशाख मशान्त भित्र सम्पन्न गरी सो को भुक्तानि तथा फरफारक गर्नेगरी कार्य योजना तयार गरी कार्यान्वियन गर्ने नीति अवलम्वल गरिनेछ ।
- पेश्की, वेरुजु र भ्रष्टाचार विरुद्ध शुन्य शहनशिलताको नीतिलाई अवलम्वन गरिनेछ ।
- पालिकाले गरेको असल अभ्यासको सार्वजनिक गर्न त्रैमासिक रुपमा नगर बुलेटिन प्रकाशन गरिनेछ ।
- पालिकामा आवश्यक बिभिन्न ऐन, नियमावली, कार्यविधी निर्माण गरि लागु गरिनेछ ।
- नगरक्षेत्रभित्र कालोबजारी, कृत्रिम अभाव, एकाधिकार सृजना गर्ने व्यवसायीलाइ कारबाही गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गरि अघि बढिनेछ । साथै बजार अनुगमनको कार्यलाइ तिब्रताका साथ निरन्तरता दिइनेछ ।
- नगरका सेवा र सूचनाहरु अनलाईन मार्फत प्रवाहित गरी सेवा र सूचनामा सबैको पहुँच पुर्‍याईनेछ ।
- सुशासन, सूचनाको हकको प्रत्याभूति र जवाफदेहीताका विभिन्न संयन्त्र तथा औजारहरुको अभ्यासका लागि नागरिक सहभागिता, नागरिक समाज र सञ्चार क्षेत्रको भूमिकालाई प्रोत्साहित गर्ने खालका योजनाहरुलाई प्रोत्साहित गर्ने खालका कार्यक्रम गर्ने र सुशासनको क्षेत्रमा काम गर्ने संस्थालाई सहयोग गरी असल अभ्यासहरुलाई प्रवर्द्धन गरिनेछ ।
- गाँउपालिकाको सस्थागत स्वमूल्याकंनको नतिजाको आधारमा राम्रा अभ्यसहरुलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ ।
- नगरपालिकाको समग्र योजनाबद्ध विकासको लागी मध्यकालिन खर्च संरचना सहितको आवधिक योजना निर्माण गरि यसैका आधारमा विषयगत रणनितिक योजना तथा वार्षिक योजना तयार गर्ने पद्धतिको विकास गरिनेछ ।

- नगरपालिका भित्र रहेका सबै टोलहरु समावेश गरेर टोल विकास संस्था गठन गरी योजना तर्जुमा, उपभोक्ता समिती गठन, सार्वजनिक परिक्षण तथा अनुगमन कार्यमा परिचालन गरिनेछ । साथै टोल वस्तिमा समाजिक सहिष्णुता कायम गर्न एवम् सामजिक कुरितिहरुको उल्मुलन गर्न परिचालन गरिनेछ ।
- नगरपालिकाले गठन गरेका बाल क्लब, टोल बिकास संस्था, उपभोक्ता समिति, महिला समुह, कृषि समुह, सामुदायिक बन उपभोक्ता समिति, सहकारी लगायतका संस्थाहरुलाई नगर बिकासमा परिचालनका समन्वय बढाइनेछ ।

**आ)राजस्व**

- **कर तिर्नु कर्तव्य मात्र होईन गौरव पनि हो** भन्ने सोचको विकास तथा कर कानुनको पालना गर्न करदाता साक्षरता कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।
- शिखर नगरपालिकाका सम्पुर्ण कर दाताहरको तथ्याङ्क संकलन गरि अभिलेख अध्यावधीक गरिने छ । राजस्व परिचालन गर्न बिभिन्न निकासंग समन्वय गरिनेछ ।
- नगरपालिकाको राजस्व प्रसासन सुधारको लागि राजस्व सुधार योजना तर्जुमा र कार्यान्वयनमा ल्याइने छ साथै आर्थिक ऐन र  कर तथा गैरकर राजस्व ऐन कार्यान्वयनमा ल्याइनेछ ।
- करका दायरामा वृद्धी गरिनुका अतिरिक्त नगरपालिकाको स्वायत्त अधिकार क्षेत्रभित्र रहने  कर दस्तुरका वृहत क्षेत्रहरुको पहिचान सहित संकलन तथा व्यवस्थापनमा उपयुक्त नीति अपनाई श्रोत साधनको परिचालन गरिने तथा साविकको  आन्तरिक श्रोत वृद्धीगर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।
- आन्तरिक राजस्व वृद्धीकालागि व्यवसाय करमा सार्वजनिक निजी साँझेदारीको अभ्यास अगाडी वढाईनेछ ।
- नगरक्षेत्र भित्र संञ्चालनमारहेका उद्योग व्यवसायलाई करको दायरामा ल्याउन कर संकलन प्रणालीलाई प्रभावकारी वनाउन कर जागरण कार्यक्रम सञ्चालन गर्ने र उत्कृष्ट करदातालाई सम्मान गर्ने नीति लिईनेछ ।
- आन्तरिक श्रोत पहिचानको लागि नगरपालिकाका सम्भावित खनिज खानीहरुको अध्ययन गरी उत्खननका लागि पहल गरिनेछ ।
- व्यवसाय कर, वहाल कर तथा अन्य श्रोतको लगत अध्यावधीक गरिदै लगिनेछ ।
- नगरपालिकामा सफ्टवयरको माध्यमबाट संकलन गरीने राजश्वलाई नागरीकको सहजताकालागी सफ्टवयरको विस्तार मार्फत वडामै वडाबाटै राजश्व संकलन गर्ने व्यवस्थाका मिलाउन आवश्यक पहल गरिनेछ ।
- आन्तरिक राजश्व बृद्धिका लागी व्यवसाय कर, मालपोत कर, बहाल कर तथा बहाल बिटौली करको दायरा बढाउने नीति लिईनेछ ।
- महालेखा परिक्षकको कार्यालयले औल्याएका बेरुजुहरु समयमै फर्छौट गर्न तदारुकताकासाथ कार्य गरिने छ र पालिकालाई बेरुजु शुन्य तथा वित्तिय अनुशासित नगरपालिका बनाउने नीति अवलम्वन गरिनेछ ।

**इ) सेवा प्रवाह**

- सेवा प्रवाहको न्यनतम मापदण्ड नमुनाको रुपमा तयार सो को कार्यान्वयन प्रणाली बनाई सर्वसुलभ सेवा प्रवाह गरिनेछ ।
- सेवाप्रवाहलाई प्रभाकारी बनाउन नगरपालिकामा कार्यरत कर्मचारिहरुको क्षमता विकासका लागी आवश्यक तालिमको व्यवस्था मिलाईनेछ ।
- नगरपालिकाले चौमासिक रुपमा नागरिक समाजका सस्थाहरु संग अन्तरक्रिया गरि सुझावहरु लिनेछ साथै यस पालिकामा काम गर्ने विकास साझेदारहरु संग समेत चौमासिक रुपमा विकास गतिविधिको समिक्षा गदै सिकाई आदान प्रदान गर्ने कार्यलायई प्राथमिकताका साथ लागू गरिनेछ ।

- **सेवाको वरिपरि नागरिक नभई नागरिकको वरीपरी सेवा** भन्ने सोचको बिकास गर्दै आवश्यकता अनुसार नाागरिकहरुको घर दैलोमै सेवा दिन घुम्ती सेवालाई थप प्रवाकारी बनाइनेछ ।
- पारदर्शितालाई आत्मासाथ गर्दै प्रविधिको प्रयोगमा अभिबृद्धि गरी प्रत्येक वडा कार्यालयमा सेवा सम्बन्धी नागरिक वडापत्र राखी प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।

### ई) सञ्चार र प्रविधी

- कार्यालयबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको सूचना तथा तथ्याङ्कको पहुचका निम्ति नगरपालिकामा डिजिटल डिप्ले बोर्ड राखी प्रविष्ठ गरिने छ । प्राप्त सूचनाको ग्राफ तथा प्रगति चार्टहरु बनाई प्रगती समीक्षासँग आवद्ध गरी समीक्षा गर्दा लक्ष्य र प्रगतीमा केन्द्रित भएर गरिनेछ
- मोवाइल एपका माध्यमबाट नगरवासीले सरल र सहज रूपमा सेवा प्राप्त गर्न आफूसँग सम्बन्धित सूचनाहरूको उपयोग गर्न सक्ने, नगरको सेवाका बारे जानकारी लिइ आफ्ना गुनासा र समस्या समाधान गर्न सक्ने व्यवस्था का लागि पहल गरिनेछ ।
- स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय सुचनामा नागरिकको पहुँच बढाउन पालिकामा एउटा स्थानीय एफ.एम. रेडियो संचालनमा ल्याउने नीति लिईनेछ ।
- जिल्ला तथा स्थानीय मिडिया हाउसको सम्बर्द्धन तथा विकास र स्थानीय सञ्चारकर्मीहरुको क्षमता विकास गरिनेछ ।
- नगरपालिकाको आइ.टी. (सभा) हललाई प्रबिधिमैत्री रुपमा व्यवस्थित गरिनेछ ।
- सि.सि.टिभिका माध्यमबाट प्रबिधिमैत्री सुरक्षा नीति लिइने छ ।
- नगरबासीहरुमा सुचनाको पहुँचलाई विस्तार गर्न टोल टोलमा सुचना केन्द्रको स्थापना गरिनेछ ।
- नगरपालिका लगायत वडा कार्यालयहरुबाट अनलाईन माध्यमबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन नगरपालिकामा फाईबर नेट जडानका लागी आवश्यक पहल गरिनुका साथै वडाहरुमा समेत ईन्टरनेट व्यवस्थापन गरिनेछ ।

### उ) न्यायिक समिति

- न्याय सम्पादनलाई वैज्ञानिक र प्रभावकारी वनाई सवै समुदायको पहुच वढाई समुदायमा शान्तिपुर्ण वातावरण सृजना गर्न न्यायिक समितीको क्षमता अभिवृद्धि गरिने छ । साथै न्यायिक समितीको कार्यमा चुस्तता ल्याउन सबै वडामा सामुदायिक मेलमिलाप केन्द्र गठन गरी मेलमिलापकर्ताहरुको क्षमता अभिबृद्धि गर्दै सामुदायिक मेलमिलापको माध्यमबाट विवाद समाधानमा जोड दिईनेछ । साथै उत्कृष्ट मेलमिलापकर्ताहरु मध्येबाट सम्मान कार्यक्रमलाई जोड दिईनेछ ।

### ऊ) अन्य विविध नीतिहरु :

- नगरकार्यपालिकाका कर्मचारी, पदाधीकारीहरु, राजनैतिक दल तथा सरोकारवालाहरुको क्षमता बिकास तथा नगरपालिकाको संस्थागत बिकास कार्यलाई सुदृढ गरिनेछ उक्त कार्यकोलागि बिभिन्न संघ संस्थाहरुसंग समन्वय गरिने छ ।
- नगरको विकासका साझेदार सस्थाहरु Good Neighbors,**USAID/Sajhedari, युनिसेफ,** CDC),EDC,NNDSWO,SOURCENepal,नगर बिकास कोष, बहुक्षेत्रीय पोषण योजना लगायतका कार्यक्रम एबं अन्य संघसंस्था सहित सरोकारवालाहरुसंग समन्वय बढाइनेछ साथै समन्वय बढाउन नगरकार्यपालिका कार्यालयमा सहजता ल्याउन NGO deskस्थापना गरिने छ ।

- शिखर नगरपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाहरूको लगानीलाई एक द्धार प्रणालीका आधारमा प्रोत्साहित गरिनेछ । उक्त संस्थाहरूको कार्यमा हुन सक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिबृद्धि गर्न  नगरपालिकाले विशेष संयन्त्र बनाई सम्पर्क व्यक्ति तोकिनेछ ।
- योग गरौ स्वास्थ्य बनौ भन्ने नाराका साथमा घरघरमा योग पुऱ्याउने कार्यक्रमको शुरुवात गर्नकालागि पतञ्जली योग समिति सहित ब्रम्ह कुमारी इश्वरीय बिश्व बिद्यालय समेत संगको समन्वय बढाइने छ
- हाल स्वदेश तथा विदेशमा रहेका नगरक्षेत्रका ख्याति प्राप्त ब्यक्ति, उच्च पदस्थ कर्मचारी, पूर्ब प्रशासक, प्राध्यापक, साहित्यकार, उद्यमी, समाजसेवी, एवम् पदाधिकारी सहित सबै संग समन्वय गरी नगरको बिकासका लागि मार्ग दर्शन एवम् स्रोत जुटाउने कार्य **का लागि शिखर विज्ञ ब्यक्ति समूह सूची** तयार गरी निजहरु संगको सम्पर्क स्थापना गर्न **भिडियो कन्फेरेन्स, तथा समन्वय बैठक**आयोजना गरिने छ ।
- नगरक्षेत्र भित्र रहेका गैर सरकारी सामाजिक संस्थाहरुको प्रोफाईल तयार गरिनेछ ।
- मुख्य चाडपर्वको समयमा नगरवासीहरुलाई प्रत्यक्ष लाभ हुने गरि सुपथ मुल्य पसलहरु (नुन, चिनी, खानेतेल) संचालनमा ल्याईनेछ ।
- भुमिको अभिलेख र सुचना प्रणाली तयार गरिने छ ।
- शिखर नगरपालिकाको भौगोलिक सिमाना सम्बन्धी विवादलाई समाधान गर्न आवश्यक पहल गरिनेछ ।

*यस गरिमामय नगर सभाका अध्यक्ष ज्यू, सदस्यज्यूहरु*

अब म आगामी आ.ब. को आय व्ययको संक्षिप्त अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**अनुमानित आय ब्यय र स्रोत ब्यबस्थापन :**

यस नगरपालिकामा प्राप्त भएको निकासा दातृ निकाय एवं संस्थाबाट प्राप्त हुने बजेट सहितबाट यस नगरपालिकाबाट प्राप्त चालु आ.ब.को लागि निम्नानुसारको संक्षिप्त खाका प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

यस नगरपालिकाको आर्थिक बर्ष २०७९।०८० का लागी कूल अनुमानित आय **रु.६८ करोड ९० लाख ६४ हजार** रहेकोछ ।

| आय तर्फ | | | |
|---|---|---|---|
| **क्र.सं.** | **शिर्षक** | **स्रोत** | **रकम रु.** |
| १ | समानिकरण अनुदान | संघ | १२ करोड ४ लाख |
| २ | समानीकरण  अनुदान | प्रदेश | ८४ लाख १० हजार |
| ३ | राजश्व बांडफाँड | संघ | १२ करोड ३० लाख ७ हजार |
| ४ | राजश्व बांडफाँड/सवारीसाधन कर | प्रदेश | ६६ लाख ४० हजार |
| ५ | आन्तरिक आम्दानी | नगरपालिका | १ करोड |
| ६ | विशेष अनुदान | संघ | ५ करोड ३५ लाख |
| ७ | विशेष अनुदान | प्रदेश | १ करोड |
| ८ | समपुरक अनुदान | संघ | ५० लाख |
| ९ | समपुरक अनुदान | प्रदेश | २२ लाख २७ हजार |
| १० | शसर्त अनुदान | संघ | ३४ करोड ९९ लाख |
| | | **जम्मा** | **६८ करोड ९० लाख ६४ हजार** |

*३. अनुमानित ब्यय र श्रोत ब्यवस्थापन*

आय : आगामी आ.ब. २०७९।०८०मा कुल आम्दानी रु.६८ करोड ९० लाख ६४ हजार प्रस्तावित गरिएको छ। व्ययतर्फ : नगर तथा वडातर्फको प्रशासनिक खर्चका साथै नगर, वडा र विषयगत शाखा तर्फको विकास तथा पूजिगत कार्यक्रम खर्च तर्फ रु. २६ करोड ६४ लाख ६४ हजार विनियोजन प्रस्ताव गरिएको छ ।

विषयगत कार्यालय शसर्त अनुदान कार्यक्रम तर्फ रु.३४ करोड ९९ लाख विनियोजन प्रस्ताव गरिएको छ ।

संघ तथा प्रदेश सरकारबाट तोकिएका विषेश अनुदान र समपुरक अनुदान तर्फ रु ७ करोड २७ लाख रकम प्रस्ताव गरिएको छ ।

आदरणिय नगरसभाका अध्यक्ष ज्यू, सदस्यज्यू

बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक,अन्तरक्रिया तथा छलफलमा उपस्थित भै हामीलाई उल्लेखनिय सुझाव,सल्लाह दिई सहयोग गर्नुहुने आदरणीय नगर प्रमुख ज्यू लगायत नगरसभाका सदस्यज्यूहरु,बिभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु, राजनितिक दलका प्रतिनिधिज्यू लगायत सम्पुर्ण समाजसेवी,बुद्धीजिवी महानुभावज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । यस नगरसभा सम्पन्न गर्न अहोरात्र कार्यमा खटिई सहयोग गर्नु हुने नगरपालिकाका कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु । योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने विषयगत समितीका पदाधिकारी शाखाका प्रमुख तथा प्रतिनिधज्यू एवं संघ संस्थाका प्रतिनिधीज्यू हामीलाई रचनात्मक सुझाव सल्लाह दिनुहुने सम्पुर्ण आदरणिय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्तमा प्रस्तुत बजेट र कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुवाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिएर शिखर नगरपालिका कार्यान्वयनको निम्ती अगाडी वढने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सवैको सहयोग निरन्तर रहने अपेक्षा गरेकाछौ ।

***धन्यवाद !***

सुनिता रावल (जोरा)
उप प्रमुख एवं नगरसभा सदस्य
शिखर नगरपालिका
तल्कोट, डोटी